# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २२५ | काठमाडौं | बुधबार, २६ मंसिर २०८१ | Prabhab National Daily | Wednesday, December 11, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


# स्काउटको जग्गा हडपेर भाडा तिर्दैनन् ऊर्जामन्त्री खड्का



- ऊर्जामन्त्री खड्काको कम्पनीले पाँच करोड ४१ लाख ७० हजार ३१४ भाडा तिर्न बाँकी
- स्काउटसँग खड्काको कम्पनीको लैनचौरको तीन रोपनी जग्गाको भोगचलन गर्न समझदारी
- भाडा तिर्न लगाएको भन्दै मन्त्री खड्का पञ्छिँदै

■ **जेबी योञ्जन**

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको कम्पनी खड्का ल्याण्ड डेभलपमेन्ट प्रालिले नेपाल स्काउटको जग्गाभाडा नदिएको उजुरीलाई संसदीय समितिले छलफलको प्रक्रियामा लगेको छ । संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले लामो समय गुपचुप राखेको उक्त उजुरीलाई मंगलबार बल्ल छलफलका लागि सांसदहरूलाई उपलब्ध गराएको हो ।

स्काउटका प्रशासकीय अधिकृत सन्तोष चौहानले उजुरीमा मन्त्री खड्काको कम्पनीले पाँच करोड ४१ लाख ७० हजार रूपैयाँ भाडा तिर्न बाँकी रहेको उल्लेख गरेका छन् । चौहानका अनुसार उक्त भाडा तिर्न मन्त्री खड्काले मानेका छैनन् । उल्टै स्काउटका कर्मचारीहरूमाथि दुर्व्यवहार भइरहेको छ । 'हरहिसाबसमेत नतिरी कार्यालयमा कार्यरत कर्मचारीहरूमाथि दुर्व्यवहार गर्नेजस्तो घृणित कार्य गरी अझै स्थान खाली गर्न अटेर गरी बसिरहेको र सम्पर्क गर्दा सम्पर्कमै नआउने कार्य गरिरहेको,' राज्य व्यवस्था समितिमा पेस गरेको उजुरीमा उल्लेख छ ।

> हरहिसाबसमेत नतिरी कार्यालयमा कार्यरत कर्मचारीहरूमाथि दुर्व्यवहार गर्नेजस्तो घृणित कार्य गरी अझै स्थान खाली गर्न अटेर गरेर बसिरहेको र सम्पर्क गर्दा सम्पर्कमै नआउने कार्य गरिरहेको छ ।
>
> ■ **सन्तोष चौहान**
> **प्रशासकीय अधिकृत, स्काउट**

समितिमा यो उजुरी गत वर्ष १४ माघमा दर्ता भएको थियो । तर, उजुरीपत्र सांसदहरूलाई समेत दिइएको थिएन । सोमबार समिति बैठकमा नेकपा माओवादी केन्द्रकी सांसद दुर्गा राईले दर्ता भएको उजुरी मागेपछि समिति सभापति रामहरि खतिवडाले बल्ल अध्ययन प्रयोजनका लागि दिएका हुन् । राईले उजुरी नदिनुलाई दलीय निकटताले काम गरेको हुनसक्ने अर्थमा टिप्पणी गरेकी थिइन् । यसपछि दबाबमा परेका सभापति खतिवडाले मंगलबार उजुरी अध्ययनका लागि दिएका हुन् । तर, उजुरीउपर छलफल कहिले ? टुंगो छैन । ऊर्जामन्त्री खड्काको कम्पनीले प्रयोग गरेको काठमाडौंको लैनचौरस्थित स्काउटको तीन रोपनी जग्गा हो । काठमाडौं महानगरपालिकाको २६ नम्बर वडास्थित लैनचौरको किता नम्बर १० को जग्गा खड्काको कम्पनीले २०६५ सालदेखि भाडा तिर्नेगरी प्रयोग गर्दै आएको उजुरीमा उल्लेख छ । त्यसबेला भाडा तिरेर जग्गा प्रयोग गर्ने सम्झौता १० वर्ष अर्थात् २०७५ सम्मका लागि थियो । तर, सम्झौता अवधि सकिएको यत्तिका वर्ष भइसक्दा न त भाडा तिरेका छन् न जग्गा नै खाली गरेका छन् । बरु, उल्टै मन्त्री खड्का जग्गा भाडा छुट गराउन निरन्तर प्रयास गरिरहेका छन् । १० वर्ष सम्झौता अवधिलाई केरमेट गरी खड्काले १५ वर्ष बनाएको आरोप लागेको छ ।

'...कम्पनीले भोगचलन गर्दै आएको सन्दर्भमा २०७५ सालदेखि सम्झौताको अवधि समाप्त भएको थियो तर सम्झौतामा उल्लेख नभएको पार्किङलगायत विषयमा फर्जी कागजात तयार पारी सम्झौतामा केरमेट गरी १० वर्षको अवधिलाई १५ वर्ष बनाएपछि विवाद उत्पन्न गरेको,' उजुरीमा भनिएको छ । स्काउटको सम्पत्ति खाली गर्न उच्च अदालत पाटनले आदेश दिएको १३ असार २०७९ मै हो । तर, आदेशको पालना भएको छैन ।

क्रमशः पृष्ठ २ मा

# अमेरिकी दबाबपछि बाहिर ल्याइयो 'बिआरआई फ्रेमवर्क'

- दुवै पक्षबीच आवश्यक सहयोगबारे विश्लेषण गरेर मात्र लगानी गर्ने उल्लेख
- परियोजनाहरूमा लगानीका लागि अन्तर्राष्ट्रिय बैंकिङ संस्थाहरूलाई लगानी गर्ने बाटो पनि खुला
- परियोजना अघि बढाउँदा नेपाल पक्षले नेपालमा चिनियाँ बैंकको शाखा खोल्न दिनुपर्ने, नेपाली व्यवसायीलाई चिनियाँ बजारमा लगानी गर्न चिनियाँ पक्षले सहजीकरण गर्ने
- सम्झौताबारे सत्तारूढ दुई दल कांग्रेस र एमालेबीचमै फरक मत
- यो सम्झौता पुरानै भएको पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहालको दाबी



फाइल तस्बिर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त राज्य अमेरिकाको दबाबपछि सरकारले चीनसँग गरेको 'बिआरआई फ्रेमवर्क' सम्झौता सार्वजनिक गरेको छ । बेल्ट एण्ड रोड इनेसिएटिभ (बिआरआई) परियोजना ऋणमा सञ्चालन हुने कि अनुदानमा भन्ने विषयमा संशय भइरहेकै बेला मंगलबार सरकारले यो सम्झौता सार्वजनिक गरेको हो ।

सत्तारुढ दल नेपाली कांग्रेसले कुनै पनि हालतमा बिआरआईका परियोजना ऋणमा लिन नहुने अडान जारी राखेको छ भने नेकपा एमालेले यो ऋण वा अनुदान जे पनि हुनसक्ने बताउँदै आएको छ । यसै विषयमा अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु काठमाडौं आइपुगेका बेला बिआरआई फ्रेमवर्कबारे चासो राखेका थिए । यस्तो विषयमा पारदर्शिताको प्रश्न उठ्ने लुको भनाइ थियो । त्यसपछि परराष्ट्र मन्त्रालयले मंगलबार वेबसाइटमार्फत बिआरआई फ्रेमवर्क सार्वजनिक गरेको हो ।

माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले भने यो सम्झौता पुरानै भएको दाबी गरेका छन् । पुरानो सम्झौतालाई प्रधानमन्त्री केपी शर्मा ओलीले फोटोकपी गरेर प्रचार गरेको दाहालको आरोप छ । 'मलाई अहिलेको प्रधानमन्त्रीलाई देख्दा अलिअलि खुसी पनि लाग्छ, अलिअलि दया पनि । मैले गत साल गरेका सम्झौतालाई फोटोकपी गरेर मैले गरेको भनेर प्रचार गरिरहनुभएको छ,' चितवनमा आयोजित खबरदारीसभामा दाहालले भने ।

भारतले नपत्याएपछि प्रधानमन्त्री ओली मंसिर १७ गते चीन पुगेका थिए । भ्रमणका अन्तिम दिन बिआरआई फ्रेमवर्कमा हस्ताक्षर भएको बताइएको थियो । दाहालले भने ओलीको यो भ्रमण औपचारिकतामा सीमित भएको ठोकुवा गरे । 'केपी ओलीले नयाँ भनेको एउटा सिन्को पनि भाँचेको मैले देखेको छैन । तैपनि मैले गरेका कामलाई उनले मान्यता दिए,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

## के छ बिआरआई फ्रेमवर्क सम्झौतामा ?

मंगलबार सार्वजनिक दस्तावेजको चौथो नम्बरमा सहयोगका प्राथमिकताका शीर्षकमा विभिन्न बुँदा उल्लेख छन् । जसको पहिलो बुँदामा आर्थिक सहकार्यको बुँदा छ । यसमा प्राविधिक र आर्थिक सहयोगको विषय उल्लेख गरिएको छ । 'दुई पक्षको प्राविधिक सहयोग र एड फाइनान्सिङ मोडालिटीको तौरतरिका सुनिश्चित गर्नका लागि काम गर्नेछौं जुन दुवै पक्षलाई सुहाउँदो र सम्प्रभुताअनुसार आवश्यक परियोजना हुने छन्,' बुँदामा उल्लेख छ ।

यस बुँदामा दुवै पक्षबीच आवश्यक सहयोगबारे विश्लेषण गरेर मात्र लगानी गर्ने उल्लेख गरिएको छ। यी परियोजनाहरूमा लगानीका लागि अन्तर्राष्ट्रिय बैंकिङ संस्थाहरूलाई लगानी गर्ने बाटो पनि खुला राखेको छ । यसरी परियोजना अघि बढाउँदा नेपाल पक्षले नेपालमा चिनियाँ बैंकको शाखा खोल्न दिनुपर्ने उल्लेख छ । यसको साटोमा नेपाली व्यवसायीलाई चिनियाँ बजारमा लगानी गर्न चिनियाँ पक्षले सहजीकरण गर्ने उल्लेख छ ।

पाँचौं बुँदामा 'वार्ताका लागि पहिचान गरिएका योजनाहरू पहिचान गर्ने' उल्लेख गरिएको छ । टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडकमार्ग, किमाथाङ्का-खाँदबारी सडकमार्ग-किमाथाङ्का पुल र एकीकृत

क्रमशः पृष्ठ २ मा

महानगरमा बेथिति

# ७२ लाख खर्चमा बनाइएको आकाशेपुल प्रयोगविहीन



> पैदलयात्रुका लागि बाटो काट्न पायक पर्ने ठाउँमा पुल बनाएको देखिएन । त्यसैले उक्त पुललाई जहाँ पैदलयात्रुलाई सहज हुन्छ त्यही सार्नुपर्छ ।
>
> ■ **आशामान संगत**
> **अध्यक्ष, कामपा–८**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पैदलयात्रीलाई बाटो काट्न सहज होस् भन्ने उद्देश्यले काठमाडौं महानगरपालिकाले जयबागेश्वरीमा बनाएको आकाशे पुल प्रयोगविहीन बन्दै गएको छ । पौने करोड लगानीमा तीन वर्ष अघि बनेको उक्त पुलबाट बाटो ओहोरोदोहोर गर्ने यात्रु पाउन मुस्किल देखिन्छ ।

जयबागेश्वरी मन्दिरबाट करिब १०० मिटर दक्षिणतर्फ निर्माण भएको उक्त पुल निर्माणताका नै विवादित बनेको थियो । पशुपति क्षेत्र विकास कोषले फलामे आकाशे पुल निर्माण गर्न अड्को थापेको थियो । पछि काठमाडौं महानगरपालिकाले कोषकै सहमतिमा पुल निर्माण गरेको थियो । पशुपति मन्दिर जाने हजारौं यात्रुहरू जयबागेश्वरी मन्दिरबाट बाटो सडकबाट नै बाटो काट्ने गर्दछन् । जहाँबाट बाटो काट्दा दुर्घटनाको जोखिम मोल्नुपर्छ ।

पैदलयात्रुको सुरक्षाकै लागि भनेर निर्माण गरिएको पुल भने अपायक ठाउँमा परेको छ, जसले गर्दा नजिकै सडकबाट बाटो काट्नेको चाप हुँदा पनि आकाशे पुल खाली नै देखिन्छ । सडक खण्डमा निर्माण गरिएको आकाशे पुल यात्रुहरूका सुरक्षाका लागि भने पनि पायक पर्ने ठाउँमा नराख्दा प्रयोगविहीन बनेको सरोकारवाला बताउँछन् ।

काठमाडौं महानगरपालिका सार्वजनिक निर्माण विभागका अनुसार सो पुल करिब ७२ लाख रूपैयाँमा निर्माण गरिएको थियो । अहिले प्रयोगविहीन भएका कारण महानगरको करिब पौने करोड रूपैयाँ बालुवामा पानी हालेजस्तै बनेको महानगरकै अधिकारीहरू स्वीकार गर्छन् ।

आकाशे पुल त छ तर सही ठाउँमा नभएका कारण प्रयोगविहीन भएको काठमाडौं महानगरपालिका वडा नं. ८ का अध्यक्ष आशामान संगतले बताए । उनी भन्छन्, 'पैदलयात्रुका लागि बाटो काट्न पायक पर्ने ठाउँमा पुल बनाएको देखिएन । त्यसैले उक्त पुललाई जहाँ पैदलयात्रुहरूलाई बाटो काट्न सहज हुन्छ, त्यहीँ सार्नुपर्छ ।' महानगरपालिकाको लगानीमा निर्माण गरिएको उक्त आकाशेपुल सही ठाउँमा नहुँदा प्रयोगविहीन भएपछि वडा कार्यालयले पुल सार्नका लागि टेण्डरसमेत आह्वान गरिसकेको अध्यक्ष संगतले जानकारी दिए । तर, पुल सार्ने विषयमा पशुपति विकास कोषले विभिन्न बहाना बनाएर काममा अवरोध गरेको उनको गुनासो छ ।


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:




हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं



आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं



हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर बन्द गरौं



गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# वायु गुणस्तर निगरानी गर्न जोडियो उपकरण



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले वायु गुणस्तर निगरानी उपकरण जडान सुरु गरेको छ। 'पार्टनरसिप फर हेल्दी सिटिज' (पहल)को सहकार्यमा महानगर क्षेत्रभर उक्त उपकरण जडान गर्न लागेको हो ।

महानगरको मुख्य कार्यालयमा एक समारोहका बीच उपमेयर सुनिता डंगोलले सोमबार सो कार्यको औपचारिक उद्घाटन गरेकी थिइन् । उपमेयर डंगोलले उपकरण जडानपश्चात् वास्तविक तथ्यांक प्रयोग गरी सूचित नीतिहरू बनाउन र स्वस्थ वातावरण सुनिश्चित गर्न महानगरपालिकालाई सहयोग पुग्ने बताइन् ।

उनले भनिन्, 'काठमाडौंमा वायु प्रदूषण घटाउन यो महत्त्वपूर्ण यात्राको सुरुवात हो ।' महानगरपालिकाको वातावरण व्यवस्थापन विभाग प्रमुख सरिता राईले वायु प्रदूषणविरुद्ध लड्न महानगरपालिकाको प्रतिबद्धताअनुसार उपकरण जडान थालिएको उल्लेख गरिन् । महानगरले छिट्टै सवारीसाधन प्रदूषण जाँच थालनी गर्ने तयारी गरेको तथा फोहोर जलाउनेलाई कडा कारबाही गरिएको उनले जानकारी गराइन् ।

परियोजना प्रमुख इञ्जिनियर सञ्जीव पाण्डेले वायु गुणस्तर उपकरणको प्राविधिक पक्षका बारेमा जानकारी गराउँदै जडानपश्चात सम्पूर्ण तथ्यांकमा महानगरवासी सुसूचित हुने बताए । यस परियोजनाअन्तर्गत, महानगरले १८ वटा 'क्ल्यारिटी नोड-एस' वायु गुणस्तर 'सेन्सर' स्थापना गर्दै छ । यसले वायुमा रहेको 'पिएम २.५' को वास्तविक समयको डेटा प्रदान गर्ने छ । पिएम २.५ भनेको वायुमण्डलमा पाइने साना धुलोका कणहरू हुन्, जसले फोक्सो र रक्तप्रवाहमा गहिरो असर गर्न सक्दछन् ।

यसले श्वासप्रश्वास र हृदयसम्बन्धी रोग उत्पन्न गराउनुका साथै दम, एलर्जी र फोक्सोको क्यान्सरजस्ता समस्या निम्त्याउँछ। विशेषगरी बालबालिका, वृद्धवृद्धा र पहिल्यै रोग भएका व्यक्तिहरू यसबाट बढी प्रभावित हुन्छन् । यी प्रविधिगत उपकरण सौर्य ऊर्जाबाट चल्ने र 'इनबिल्ट डेटा कनेक्टिभिटी'सहित छन्, जसले वास्तविक समयको डेटा महानगरको केन्द्रीय 'ड्यासबोर्ड'मा पठाउने छन् । 'स्वच्छ र सफा महानगर अनि स्वस्थ महानगरवासी' को उद्देश्यलाई आत्मसात् गर्दै महानगरपालिकाले वायुप्रदूषण नियन्त्रण र वातावरणीय सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

## अमेरिकी दबाबपछि...

बिआरआई सम्झौता नेपालकै हितमा रहेको तर्कसमेत उनले गरे । 'बिआरआई र एमसिसीप्रति सबैको चासो हुने नै गर्छ । किनभने अहिले चीन र अमेरिका मुख्य प्रतिस्पर्धीको रूपमा देखिएका छन् र दुई जनाको रणनीति अगाडि आउँदाखेरी एकअर्काले बुझ्न खोज्नु स्वाभाविकै हो । प्रधानमन्त्रीमा मेरो दोस्रो कार्यकालमा बिआरआईका लागि सम्झौता गरिएको हो । त्यहीअनुसार अहिले अगाडि जानुपर्नेमा कन्फ्युजन छ । तर यो अगाडि बढ्नुपर्छ,' दाहालले भने । प्रधानमन्त्री चीन जानुअघि पूर्वप्रधानमन्त्रीहरूसँगको छलफलमा दाहालले बिआरआई अघि बढ्नुपर्ने सुझाव दिएका थिए ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिमा बिआरआई ऋणमा कि अनुदानमा भन्ने विषयमा सोमबार प्रश्न उठेको थियो। त्यसबारे कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले प्रस्ट पार्दै भनेका थिए, 'यो ऋणमा हुनुहुँदैन ।' यसबारे कांग्रेसले संशय प्रकट गरेपछि नेकपा एमालेले मंगलबार सचिवालय बैठक राख्यो । बैठकमा यसबारे कुरा उठेको र यो आफैंमा परियोजना नभएकाले नकारात्मक टिप्पणी गर्न नहुने उपमहासचिव प्रदीप ज्ञवालीले बताए ।

'बिआरआई आफैंमा परियोजना हैन । यसभित्र विभिन्न परियोजना छन् । यो न त ऋणमात्र हो । न त अनुदानमात्र । यो विकास कसरी अगाडि बढाउने भनेर अघि सारिएको नयाँ अवधारणा हो । यस विषयलाई लिएर नकारात्मक टीकाटिप्पणी हुनु गलत हो,' ज्ञवालीले भने । सोमबारमात्र झापा पुगेर प्रधानमन्त्री ओलीले नेपालजस्तो गरिब देशले ऋण नलिई केही गर्न नसकिने बताएका थिए । सोही विषयमा जोड दिँदै उपमहासचिव ज्ञवालीले 'आइसोलेसन'मा बसेर देश विकास नहुने तर्क गरे । 'नेपालजस्तो देशले आइसोलेसनमा विकास गर्न सक्दैन । १० परियोजनाको विस्तृत अध्ययनपछि यसको स्रोत जुटाउने बेलामात्र ऋण कि अनुदानबारे प्रस्ट हुन्छ । नचाहिने ऋण हामी किन लिने ?,' ज्ञवालीले प्रश्न गरे ।

■■■

## के छ बिआरआई...

चेकपोस्ट, नेपालतर्फ पर्ने चीन-नेपाल सीमापार रेलमार्ग र अमरगढी-डडेलधुरा सिटीहल, जिलोङ-रसुवागढी-चिलिमे २२० केभी सीमापार विद्युत् प्रसारणलाइन, मदन भण्डारी साइन्स एण्ड टेक्नोलोजी विश्वविद्यालय, काठमाडौं वैज्ञानिक केन्द्र र विज्ञान संग्रहालय, चीन-नेपाल मैत्री उद्योग पार्क, झापा स्पोर्टस् एण्ड एथलेटिक्स कम्प्लेक्स गरी १० परियोजना छन् ।

छैटौं बुँदामा सहकार्यका लागि संयन्त्रहरूको बारेमा १० वटा बुँदामा व्याख्या गरिएको छ । मंसिर १९ गते बुधबार बेइजिङमा आयोजित विशेष समारोहमा नेपाल सरकार र चीन सरकारबीच बेल्ट एवं रोड सहकार्यको फ्रेमवर्कमा हस्ताक्षर भएको थियो । सम्झौतामा नेपालको तर्फबाट परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहदुर राई र चीनको तर्फबाट चीनका नेसनल डेभलपमेन्ट एण्ड विकास रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुसेले हस्ताक्षर गरेका थिए ।

■■■

## स्काउटको जग्गा...

गत ७ वैशाखमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले हस्तक्षेप गरेर जग्गा खाली गराई 'सिल' गरेको थियो। त्यसबेला उपप्रधान तथा गृहमन्त्री राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने थिए । त्यति गर्दा पनि खड्का पछि हटेनन् ।

राष्ट्रपति, प्रधानमन्त्रीदेखि वडा कार्यालयसम्मलाई पत्र लेख्दा पनि कुनै सुनुवाइ नभएपछि नेपाल स्काउटले अदालतको फैसलाअनुसार खड्का सञ्चालक रहेको कम्पनीबाट भाडा उठाउन राज्यव्यवस्था तथा सुशासन समितिसँग सहयोग मागेको थियो। तर, गत वर्षको मध्य माघमा उजुरी परे पनि समितिको बेवास्तामा पर्‍यो । यद्यपि, निवेदनमा समिति सभापति रामहरि खतिवडाले समिति सचिवलाई आवश्यक कारबाहीका लागि तोक लगाएका थिए। समिति सचिव सुरज दुराले शाखा अधिकृत विकास श्रेष्ठका नाममा तोक लगाए । त्यसपछि उजुरी थन्किएको छ। सचिवालयले उक्त उजुरीका बारेमा समितिका सदस्यहरूलाई बल्ल मंगलबार जानकारी गराएको हो ।

समिति सभापति खतिवडा भने तत्कालीन गृहमन्त्री रवि लामिछानेले विवाद समाधान गर्ने बताएपछि स्काउटको जग्गा र खड्काका विषयमा थप छलफल नगरिएको बताउँछन् । उनले भने, 'हामीले त्यतिबेला गृह मन्त्रालयलाई पत्र लेखेका थियौं । त्यसपछि गृह मन्त्रालयले रातारात स्काउटको भवनमा ताला लगायो ।'

मन्त्रीले नै भाडाबापत रकम नबुझाएर विवाद कायमै राख्दा जग्गा तथा भवन प्रयोग तथा अन्य पक्षलाई भाडामा लगाउन नपाएर संस्थालाई घाटा भएको स्काउटका प्रशासकीय अधिकृत चौहानले बताए । 'सम्झौताअनुसारको भाडा नतिर्ने अनि भाडामा छुट चाहिन्छ भन्दै राजनीतिक तहबाट लबिइङ भइरहेको स्थिति राम्रो छैन,' उनले भने ।

मासिक भाडा बुझाउने समय पनि निर्धारण गरेको उजुरीमा छ। त्यसअनुसार महिनाको बहाल सोही महिनाको १५ गतेभित्र बैंकमा दाखिला गरी सक्कल भौचर स्काउटमा बुझाउनुपर्ने उल्लेख छ । भाडा रकम समयमा भुक्तानी नगरे दैनिक २५० रूपैयाँ जरिवाना लाग्ने दुईपक्षीय सम्झौतामा उल्लेख छ ।

तर, मन्त्री खड्काले भने पटक-पटक भाडा बुझाउन सम्बन्धित पक्षलाई भनिसकेको बताउँछन् । तर, स्काउटले भाडाबापतको रकम नपाएको चौहानले बताए ।

स्रोतका अनुसार स्काउटको जग्गा भाडामा लिएका मन्त्री खड्काले आसपासमा थप नौ रोपनी जग्गासमेत हडपेर भाडामा लगाएका थिए। स्काउटको जग्गाभित्र लैनचौर ब्यांक्वेट र माई च्वाइस रेस्टुरेन्टको संरचना पाँच रोपनीमा फैलिएको छ। उनै स्काउटको जग्गा लिएर झण्डै साढे पाँच करोड भाडा नतिर्ने ऊर्जामन्त्री खड्का यतिबेलामा थप विवादित भएका छन् ।


## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Public Relations Officer (PRO) - 5 (M/F)**

**नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी हुनुपर्ने छ ।**

**तलब: ५०,००० सम्म**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
HOTLINE NUMBER -9704540753, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81



## कतार/साउदीमा रोजगार

कम्पनी : BUILDING INNOVATION TRADING & CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/03/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 306595 | चलानी नं. ६०२२७९५७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 1 | 0 | 6000 | २२३,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Black Smith | 3 | 0 | 1500 | ५५,७९० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1500 | ५५,७९० | | | | | | | |
| 4 | Labour | 4 | 0 | 1000 | ३७,१९५ | | | | | | | |
| 5 | Mason | 3 | 0 | 4500 | १६७,३७५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 1500 | ५५,७९० | | | | | | | |
| 7 | Nurse | 0 | 1 | 4500 | १६७,३७५ | | | | | | | |

कम्पनी : AL ARBIYA TRADING
पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 315173 | चलानी नं. ६०२२९५११

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 5 | 1400 | ५२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 2 | 0 | 1700 | ६३,२३० | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३७,१९५ | | | | | | | |
| 4 | Sales Men | 0 | 5 | 1400 | ५२,०७० | | | | | | | |

कम्पनी : Diamond Industrial Company is a one Person Company
पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 315172 | चलानी नं. ६०२२९५१३

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



## युएइमा रोजगार

कम्पनी : Resources for Employment
पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 315052 | चलानी नं. ६०२२९५०८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masion | 20 | 0 | 1300 | ४७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Skilled Labour | 50 | 0 | 1100 | ४०,६५५ | | | | | | | |
| 3 | Steel Fixer | 15 | 0 | 1300 | ४७,८०० | | | | | | | |
| 4 | Suttering Carpenter | 15 | 0 | 1300 | ४७,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९



## कुवेतमा रोजगार

कम्पनी : AL MASHAAN GENERAL TRADING & GENERAL CONTRACTING FOR BUILDINGS CO.
पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | LT. No. 315161 | चलानी नं. ६०२२९४८४

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 8 | 0 | 150 | ६६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 6 | 0 | 100 | ४४,१६७ | | | | | | | |
| 3 | Light Driver | 4 | 0 | 140 | ६१,८३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर पुस ३ गते (18th Dec. 2024) मा हुनेछ ।

सेवा शुल्क: १०,०००

श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## युएइमा रोजगार

कम्पनी : TECHNO VOLT ELECTROMECHANICAL WORKS
पूर्व स्वीकृति मिति : २०८०/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 300522 | चलानी नं. ६०२१५४६६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 3 | 0 | 1200 | ४४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३६,९६० | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1200 | ४४,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com
श्रम इजाजत नं. १६०२/०७९/०८०



## कुवेतमा रोजगार

कम्पनी : BEIT DIVA GENERAL TRADING COMPANY | सेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८०/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 299723 | चलानी नं.६०२१४६९८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 15 | 100 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 10 | 0 | 160 | ७०,६३५ | | | | | | | |
| 3 | Supervisor | 0 | 4 | 150 | ६६,२२० | | | | | | | |

कम्पनी : DEVA NATIONAL HEALTH INSTITUTE FOR WOMEN
पूर्व स्वीकृति मिति : २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 287306 | चलानी नं.६०२०२६४६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 22 | 100 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 0 | 2 | 130 | ५७,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बुधबार, २६ मंसिर, २०८१

| राशि | फल |
|---|---|
| मेष | अरूको करकापमा काम गर्न बाध्य । |
| वृष | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मिथुन | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कर्कट | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| सिंह | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| कन्या | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| तुला | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| वृश्चिक | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| धनु | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| मकर | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| कुम्भ | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| मीन | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ मंसिर, २०८१ (११ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२१ | १३५.८१ |
| युरो | १ को | १४३.०७ | १४३.७१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५७ | १७३.३३ |
| स्विस फ्रैन्क | १ को | १५४.०८ | १५४.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८३ | ८७.२१ |
| क्यानाडियन डलर | १ को | ९६.३० | ९६.७३ |
| सिङ्गापुर डलर | १ को | १००.९२ | १०१.३७ |
| जापानी येन | १० को | ८.९८ | ९.०२ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९९ | ३६.१५ |
| कतारी रियाल | १ को | ३७.०९ | ३७.२५ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८१ | ३६.९८ |
| मलेसियन रिङेट | १ को | ३०.५९ | ३०.७३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १२.४३ | १२.४९ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२७ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४०.०५ | ४४२.०० |
| बहराइन दिनार | १ को | ३५८.५५ | ३६०.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मानवअधिकार रक्षा गर्न संवेदनशील हुनुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सभामुख देवराज घिमिरेले मानवअधिकार रक्षा गर्न सरकार सधैं संवेदनशील हुनुपर्नेमा जोड दिएका छन् । ७६औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले उक्त कुरा बताएका हुन् । मानवअधिकारको रक्षाका निम्ति सदनबाट सधैं सहयोग रहने उनको भनाइ छ ।

'हाम्रो देशको मानवअधिकारको कुरा गर्दा द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको चर्चा हुने गरेको छ,' सभामुख घिमिरेले भने, 'तथापि यसबीचमा हामी शान्तिपूर्ण माध्यमबाट सशस्त्र द्वन्द्वको समाधान गर्दै संघीय गणतान्त्रिक नेपाल स्थापना गर्न सफल भएका छौं ।' विश्वव्यापीकरण र खुला बजारमा हुने अस्वस्थ प्रतिस्पर्धाका कारण वस्तु र सेवाको उत्पादनदेखि उपभोक्तासम्म पुग्ने आपूर्ति शृंखलाका विभिन्न चरणमा संलग्न श्रमिक र सीमान्तकृत समुदायको आधारभूत मानवअधिकारको सुनिश्चितताको विषय थप चुनौतीपूर्ण बनेको उल्लेख गर्दै उनले उनीहरूको मानवअधिकारको सुनिश्चितताका लागि विशेष पहल गर्नुपर्नेमा जोड दिए ।




उनले भने, 'द्वन्द्वकालका गम्भीर मानवअधिकार उल्लंघनका घटनाको छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका कामलाई संक्रमणकालीन न्यायका सर्वमान्य सिद्धान्तअनुरूप प्रभावकारीरूपमा कार्यान्वयन गर्न कानुनमा परिमार्जन भएको छ भने ती आयोगका पदाधिकारी नियुक्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।'

'सूचना प्रविधिको विकासले मानव समाजलाई सरल बनाएको भए पनि प्रविधिको असमान विकासले यसको पहुँच र प्रयोगमा विभेद सिर्जना गरेको छ, प्रविधिको विकासले सामाजिक र सांस्कृतिक मूल्य मान्यतामा पनि नयाँ-नयाँ समस्या र चुनौती थपिएका छन्,' सभामुख घिमिरेले भने, 'प्रविधिको प्रयोग मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा अधिकतमरूपमा हुनु स्वाभाविक भए पनि यसको दुरूपयोगबाट अरूको मानवअधिकार हननको जोखिम टड्कारो देखिएको छ ।'

उनले पछिल्लो दशकमा भएका ऐतिहासिक परिवर्तनबाट प्राप्त राजनीतिक उपलब्धिको जगमा मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमार्फत विद्यमान वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैंगिक विभेद अन्त्य गरी समतामूलक समाज निर्माण गर्न इमान्दारीपूर्वक लाग्नु सबैको कर्तव्य भएको बताए ।

सभामुख घिमिरेले संविधानसभामार्फत नयाँ संविधान घोषणा गरी आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा पछाडि परेका उत्पीडित, अल्पसंख्यक र सीमान्तकृत समुदायको अस्तित्वको पहिचान, स्वतन्त्रता, समानता र न्यायको प्रत्याभूतिका लागि समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदको नीतिलाई आत्मसात् गरेको बताए ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सरकारबाट मानवअधिकार संरक्षणका लागि महत्त्वपूर्ण प्रयास भएका उल्लेख गर्दै भविष्यमा पनि मानवअधिकारको संरक्षणमा सबै लाग्ने विश्वास व्यक्त गरे । उनले मानवअधिकार संस्कृतिको निर्माण गर्नका लागि सबैलाई आग्रह गरे ।

'समानता, अविभेद र माननवीय मर्यादाजस्ता विषयहरूलाई बेवास्ता गरेर चलाइने शासन वर्तमान विश्वमा कल्पना गर्न सकिन्न,' अध्यक्ष मगरले भने, 'शासन व्यवस्थाको सञ्चालन जति उदार र प्रजातान्त्रिक तवरबाट हुन्छ, त्यति नै त्यसले जनताको अपनत्व प्राप्त गर्दछ र त्यसबाट मानवअधिकारको संरक्षण हुन्छ ।' मुख्यसचिव एकनारायण अर्यालले तीनै तहका सरकार, संवैधानिक निकायहरूका साथै सबैले मानवअधिकारको संरक्षणका निम्ति जुट्नुपर्नेमा जोड दिए ।

# लैंगिक हिंसामध्ये ९१ प्रतिशत चिनाजानकै व्यक्तिबाट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा लैंगिक हिंसामध्ये ९१.१ प्रतिशत चिनाजानकै व्यक्तिबाट हिंसा हुने गरेको पाइएको छ । नेपाल प्रहरीले मंगलबार सार्वजनिक गरेको तथ्यांकमा यस्तो देखिएको

## प्रहरी प्रतिवेदन

हो । लैंगिक हिंसाअन्तर्गत सबैभन्दा बढी घरेलु हिंसाका घटना रहेका प्रतिवेदनमा देखिन्छ ।



प्रहरी प्रधान कार्यालमया मंगलबार प्रहरीको अपराध अनुसन्धान विभाग र महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयको संयुक्त आयोजनामा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा आयोजित कार्यक्रममा उक्त प्रतिवेदन सार्वजनिक गरिएको हो । कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले हिंसा प्रभावित महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको न्यायमा पहुँच सुनिश्चित गर्न नेपाल प्रहरी प्रतिबद्ध रहेको बताए् । उनले लैंगिक हिंसा नियन्त्रणलाई उच्च प्राथमिकतामा राखेर प्रहरीले काम गरिरहेको बताए ।

लैंगिक हिंसाबाट प्रभावित महिला, बालबालिका र ज्येष्ठ नागरिकमा न्यायको पहुँच सुनिश्चितताका साथै हिंसा नियन्त्रणका लागि देशभर २३२ वटा महिला बालबालिका तथा ज्यष्ठ नागरिक सेवा केन्द्र स्थापना गरी सेवा प्रदान भइरहेको महानिरीक्षक कुँवरले जानकारी दिए । उनले नेपाल प्रहरीमा लैंगिकमैत्री कार्य वातावरण र लैंगिक संवेदनशीलतालाई सुनिश्चित गर्न लैंगिक नीति २०६९ लाई परिमार्जन गरी नेपाल प्रहरी लैंगिक कार्य नीति ०८१ ल्याइएको जानकारी दिए । उक्त नीति मंगलबार नै सार्वजनिक गरिएको छ । यसले नेपाल प्रहरीलाई कुनै प्रकारका हिंसाप्रति संवेदनशील भई कार्य गर्न प्रेरित गर्ने विश्वास गरिएको छ ।

'हिंसा र विभेदका घटना नियन्त्रणका लागि कटिबद्ध रहँदै प्रहरीले पालना गर्नुपर्ने आचारणका विषयमासमेत आचारसंहिता बनाइ कार्यान्वयन गरिएको छ । प्रविधिको विकास र आधुनिक समाजमा देखापरेको अपराधका प्रवृत्तिले थप चुनौती पैदा भएकातर्फ पनि प्रहरी केन्द्रित भएको छ,' महानिरीक्षक कुवँरले भने ।

प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीले एकल प्रयासले मात्रै हिंसा रोक्न नसकिने भएकाले सबैको ऐक्यबद्धता आवश्यक भएको बताए । कार्यक्रममा निर्देशनालयकी प्रहरी नायब उपरीक्षक रूपा थापाले समग्र अपराधमा लैंगिक हिंसाका घटना २६ प्रतिशत रहेको तथ्यांकले देखाएको जानकारी दिइन् । कार्यक्रममा स्वास्थ्य सेवा विभागकी कविता अर्याल, गृह मन्त्रालयका उपसचिव सुरेशराज जोशीलगायतले हिंसा नियन्त्रणका लागि सामूहिक प्रयासको खाँचो औंल्याएका थिए ।

---

*Government of Nepal*
*Buddhist Philosophy Promotion & Monastery Development Committee*

## Invitation for Bids

**IFB No: BPPMDC/NCB/WORKS/01/2081-82**
**Contract Identification No: BPPMDC/NCB/WORKS/01/2081-82**
**Date of publication: 2081-08-26 BS (2024/12/11)**

1. Buddhist Philosophy Promotion and Monastery Development Committee invites sealed bids or electronic bidsfrom Nepalese eligible bidders for the construction of Civil works for Building under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 1,74,89,686.13 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Buddhist Philosophy Promotion and Monastery Development Committee, Shreemahal, Pulchowk, Lalitpur, Lalitpur, Bagmati Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np /egp, Bidders, submitting their bid electronically, should deposit the cost Rs.3000 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   *Name of Office: Buddhist Philosophy Promotion and Monastery Development Committee*
   *Office Code No: 325813401*  *Rajaswa Shirsak No: 14229*
   *Name of Bank: Nepal Bank Ltd*  *Office Account No: 01800100235558000001*
4. Pre-bid meeting shall be held at Buddhist Philosophy Promotion and Monastery Development Committee Shreemahal, Pulchowk, Nepal at 31-12-2024 11:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Buddhist Philosophy Promotion and Monastery Development Committee , Shreemahal, Pulchowk, Lalitpur, Lalitpur, Bagmati Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 10-01-2025 12:00. Bids received after this deadlinewill be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10-01-2025 13:00 at the office of Buddhist Philosophy Promotion and Monastery Development Committee Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 535000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.
8. The Employer reserves the right to accept or reject the bid any time whatsoever without justifying any reasons.

---

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

## प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/०८/२६**

यस कार्यालयबाट मिति २०८१/०६/२३ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मूल्यांकन गर्दा योग्यताको सबै आधारमा सफल भई सारभूतरुपमा प्रभावग्राही बोलपत्र भई आर्थिक प्रस्ताव खोल्न निर्णय भइ आएकाले तपसिल बमोजिमका बोलपत्रहरुको मिति २०८१/०९/०३ गते अपरान्ह १:०० बजे यस नगरपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम हुने गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| बोलपत्रको नाम र नं. | बोलपत्रदाताको नाम ठेगाना |
|---|---|
| Construction and Upgrading of Sombare-Mayungtar Road (Boptang Section) IFB no. 04/BELAKA/NCB/W/2081-082 | राउत/आयुष/अम्बिका जे.भी., त्रियुगा, उदयपुर |
| | पवित्र निर्माण सेवा, त्रियुगा, उदयपुर |
| Construction and Upgrading of Rampur-Satpatre Bhagalpur-Aambasi Road (Purandaha Section) IFB no. 03/BELAKA/NCB/W/2081-082 | सगरमाथा कन्स्ट्रक्सन, त्रियुगा, उदयपुर |
| | पवित्र निर्माण सेवा, त्रियुगा, उदयपुर |
| | चक्र-ईलाम गजुरमुखी जे.भी., सुनसरी |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**जगरनाथपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जगरनाथपुर, पर्णापु
मधेश प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृतत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/०८/२६**

उपरोक्त विषयमा यस कार्यालयको तर्फबाट मिति २०८१/०७/०४ गते नयाँ पत्रिका राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना तथा PPMO e-gp System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र अहवानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ जानकारी गराइन्छ साथै सार्वजनिक खरिद नियामवली २०६४ को दफा ८४ को उपदफा १० को प्रयोजनार्थ पसिलमा उल्लेखित बोलपत्रदतालाई यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिलः-**

| ठेक्का नं. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर समेतको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 02/JRM/NCB/WORKS/081-82 | Construction of Cold store Building | Bikash Builders Parsa, Birganj, Nepal | 41,46,430.25 | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# प्रतिशोध त्यागौं, संयमता अपनाऔं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई चितवनबाट मंसिर २१ गते बिहान ३ बजे कास्कीको पोखरा लगियो। सामान्यतया बिहान ३ बजेलाई नेपालीहरूले मध्यरात भन्ने गर्छन्। यो सामान्य दैनिकी भएकाहरूको मध्यनिद्राको समय हो। अझ चिसो याममा त यतिबेला हिँड्डुल गर्न पनि मुस्किल हुन्छ।

यही बेला देशको चौथो ठूलो पार्टीका सभापति तथा पूर्वगृहमन्त्री लामिछानेलाई चितवनबाट पोखरा लगिनुलाई गम्भीरतापूर्वक लिनुपर्छ। बिहान ३ बजेको समय एक त अनुकूल हुन्न, अझ सडक भएर लानु अझै अनुचित हो। सडक सुरक्षाका विषयमा अन्तर्राष्ट्रिय निकायहरूले साँझ ४:०० बजेपछि नेपाली सडकमा सवारीसाधन चलाउन मान्दैनन्। अझ चितवनदेखि पोखरासम्म प्रहरीले जबरजस्ती एक आरोपीलाई लैजानु उचित लाग्ने विषय हैन।

हुस्सुले बाटो ढाक्ने, सडक बत्तीका कारण सडक सुरक्षित छैन। यतिमात्र हैन मध्यरातमा जंगली जनवारको उत्तिकै डर हुन्छ। यस्तो अवस्थामा जोखिम मोलेर सुरक्षा निकायबाटै यस्तो कदम चल्नु ठीक हुन्न। सरकारले काम गर्ने सरकारी समय हुन्छ, यस विषयमा सरकार गम्भीर हुनुपर्छ। झट्ट हेर्दा यो सामान्य लागे पनि अमानवीय व्यवहार भने पक्कै हो। यसैका कारण नेपाल प्रहरीमाथिको विश्वासनीयतामा प्रश्न उठ्न सक्छ।

अर्को विषय भने रास्वपाले पनि ख्याल गर्नैपर्ने देखिन्छ। सभापति लामिछानेमाथि विभिन्न स्थानको सहकारीको रकम अपचलनको आरोप छ। यसमाथि प्रशासनले अनुसन्धान जारी राखेको बेला अनावश्यक हुलदंगा मच्चाउनु ठीक हुन्न। चितवनमा रास्वपाले गरेको प्रदर्शनबाट आत्तिएर नै प्रशासनले रातारात लामिछानेलाई पोखरा पुऱ्याउन बाध्य भएको पनि हुन सक्छ। किनकि २० गते लामिछाने त्यहाँ पुग्दा रास्वपाको आन्दोलनका कारण केही प्रहरीसहित आन्दोलनकारी पनि घाइते भएका थिए।

वीरगञ्ज पुऱ्याउँदा पनि रास्वपा समर्थकले यसरी नै विरोध गरे। अदालतबाट बयान लिने क्रम जारी रहँदा पार्टी नै लागेर यसरी विरोधमा उत्रन हुन्न। अनुसन्धानमा भएको ढिलासुस्तीबारे प्रश्न राख्न सकिन्छ। आफ्नो पक्षबाट सहभागी भएका कानुन अधिकृतमार्फत यसबारे खबरदारी गर्न सकिन्छ। तर, आफ्नै पार्टीका सांसद सदस्य रहेको संसदीय समितिले अनुसन्धानका लागि बाटो खुला गरेको विषयमा दोषी नै नभएको भन्दै नेता कार्यकर्ताले हड्ताल गरेको सुहाउँदैन। यतिबेला सत्तापक्षले राजनीतिक प्रतिशोधपूर्ण व्यवहार बन्द गर्नु र रास्वपा कार्यकर्ता तथा रवि समर्थकले संयमता अपनाउनुको विकल्प छैन।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे। आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो। उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन। म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु। ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन्।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ। विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए।

# बजार उदारीकरणः सेवा क्षेत्र र आर्थिक उत्पादकत्व



■ कमलेशकुमार अग्रवाल

> नेपालजस्तो अतिकम विकसित मुलुकका लागि बजार उदारीकरणले आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। विशेषगरी सेवा क्षेत्रको विकास र आर्थिक उत्पादकत्वमा सुधार ल्याउन सकियो भने दिगो आर्थिक विकासको जग बसाल्न सकिन्छ। तर, यसको साथमा आएको चुनौतीलाई पनि नजिकबाट विश्लेषण गर्नु जरुरी छ। साना व्यवसायहरूको संरक्षण, नियमकीय निकायहरूको सुदृढीकरण, तथा ग्रामीण वित्तीय समावेशितामा ध्यान दिएरमात्र बजार उदारीकरणलाई सफल बनाउन सकिन्छ। बजार उदारीकरणले नेपालको आर्थिक विकासलाई दीर्घकालीनरूपमा सघाउन सक्ने छ र सेवा क्षेत्रलाई प्रतिस्पर्धात्मक तथा प्रभावकारी बनाउने छ।

उदार अर्थतन्त्रको मेरुदण्डको रूपमा बजार अर्थनीतिलाई लिइन्छ। नेपाललगायतका विकासशील राष्ट्रको अर्थतन्त्रमा बजार उदारीकरणले उल्लेख्य परिवर्तन ल्याएको छ। सन् १९९० को दशकबाट सुरु भएको नेपालको उदारीकरणको प्रक्रियाले निजी क्षेत्रको सहभागिता बढाउन एवं वैदेशिक लगानी प्रोत्साहन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। सरकारी नियन्त्रणलाई कम गर्दै अर्थतन्त्रमा निजी क्षेत्रको दायरा फराकिलो बनेको छ। विशेषगरी सेवा क्षेत्रको विस्तारमा उदारीकरणले महत्त्वपूर्ण योगदान दिएको छ। उत्पादन र उत्पादकत्व वृद्धिमासमेत सहयोग पुऱ्याएको छ।

### बजार उदारीकरण र सेवा क्षेत्रको विस्तार

बजार उदारीकरणले प्रतिस्पर्धी बजारको विकास गरेको छ। बैंक, बिमा, सञ्चार, पर्यटन र शिक्षालगायतका क्षेत्रलाई सहज बनाएको छ। यसले गर्दा नयाँ प्रविधिको प्रयोग, सेवा प्रवाह तथा नवप्रवर्तनलाई पनि प्रोत्साहन गरेको छ। नेपालमा विक्रम संवत् २०४० को दशकमा पहिलोपटक बैंकिङ क्षेत्रलाई उदारीकरणको नीतिअनुरूप निजी बैंक सञ्चालन सुरु भएको थियो। पछिल्लो चार दशकमा जलविद्युत्, बैंकिङ, दूरसञ्चार, सूचना प्रविधि, शिक्षा तथा पर्यटन क्षेत्रले ठूलो फड्को मारेको छ। फलस्वरूप कूल गार्हस्थ उत्पादन (जिडिपी)मा निजी क्षेत्रको हिस्सा करिब ८१ प्रतिशत पुग्न सफल भएको छ।

२०४६ को राजनीतिक परिवर्तनपछि गरिएको उदारीकरणको अभ्यासले उत्पादन क्षमतामा वृद्धि गरी आर्थिक उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। प्रतिस्पर्धी बजारका कारण सेवा प्रदायकहरूले उपभोक्तालाई आकर्षित गर्न उच्च गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने हुन्छ। यसले दक्षता र उत्पादकत्वमासमेत सुधार ल्याइरहेको हुन्छ। नेपालको सन्दर्भमा विशेषगरी बैंक तथा वित्तीय क्षेत्रमा उदारीकरणको राम्रो प्रभाव देखिएको छ जसका कारण साना तथा मझौला उद्यमी व्यवसायीहरूलाई वित्तीय पहुँच सहज र सरल बन्दै गएको छ। बैंक तथा वित्तीय संस्थाहरूको ग्रामीण क्षेत्रसम्म सेवा विस्तार हुनुले आर्थिक क्रियाकलापको विस्तारमा ठूलो सहयोग पुगेको छ।

बजार उदारीकरण कुनै पनि अर्थतन्त्रलाई बाह्य प्रतिस्पर्धाका लागि खुला बनाउने प्रक्रिया पनि मानिन्छ। यसले सरकारी नियन्त्रण घटाएर निजी क्षेत्रको भूमिकालाई बढावा दिन एवं वैदेशिक लगानी आकर्षित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। नेपालले पनि सन् १९९० को दशकबाट उदारीकरणको अभ्यास सुरू गऱ्यो। नेपालको सन्दर्भमा विशेषगरी सेवा क्षेत्र, बैंकिङ, बिमा, सूचना तथा सञ्चार, पर्यटन क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भयो। बजार उदारीकरणकै कारण सेवा क्षेत्रमा ठूलो प्रभाव पारेको छ, जसले गर्दा यी क्षेत्रमा प्रतिस्पर्धा, नवप्रवर्तन र गुणस्तरीय सेवाहरूको विस्तारमासमेत योगदान पुगेको छ। यी सबैले आर्थिक उत्पादकत्व बढाउन र समग्र आर्थिक वृद्धिमा टेवा पुऱ्याएको छ। तर, यस प्रक्रियासँग केही चुनौतीहरू पनि छन्।

यसबीचमा सरकारी स्वामित्वका केही उद्योगहरू वीरगञ्ज चिनी कारखाना, वीरगञ्ज कृषि औजार कारखाना, बाँसबारी छालाजुत्ता, जनकपुर चरोट कारखाना, बुटवल धागो कारखानालगायतलाई निजी क्षेत्रलाई सुम्पिएर दक्षता वृद्धि र प्रतिस्पर्धात्मक बजारको अभ्यास गरेको छ। उदारीकरणले विदेशी लगानी कर्ताहरूलाई नेपालमा पुँजीको विकास एवं लगानी गर्न प्रोत्साहन गरेको छ। देशको सेवा क्षेत्रमा नयाँ प्रविधि र व्यावसायिक मापदण्ड ल्याउन मद्दत गरेको छ। सरकारी नियमहरू र प्रक्रिया सरल बनाउँदै प्रतिस्पर्धालाई प्रोत्साहन गर्न आवश्यक छ।

उदारीकरणपछि विभिन्न निजी बैंकहरूको आगमनले वित्तीय पहुँच वृद्धि भएको छ। ग्रामीण क्षेत्रमा पनि बैंकहरूको पहुँच पुगेको छ जसले गर्दा वित्तीय समावेशितामा सुधार आएको छ। प्रतिस्पर्धा बढेसँगै बैंकहरूले गुणस्तरीय सेवामा ध्यान दिन थालेका छन्। बैंकिङ क्षेत्रमा प्राविधिको नवप्रवर्तन पनि भएको छ, जस्तै मोबाइल बैंकिङ र डिजिटल भुक्तानी प्रणालीहरूको प्रयोगले ग्राहकलाई सहजता प्रदान गरेको छ। उदाहरणका लागि, बैंकिङ क्षेत्रमा स्वचालित भुक्तानी प्रणाली, एटिएम, र डिजिटल बैंकिङ सुविधाले ग्राहकलाई छिटो र सरल सेवा प्रदान गर्न सक्षम बनाएको छ। सूचना प्रविधिसँग सम्बन्धित थुप्रै कम्पनीहरू स्थापना भएका छन्।

पर्यटन उद्योगको विस्तारका लागि पनि उदारीकरणले निकै ठूलो सहयोग पुऱ्याएको छ। विदेशी लगानीको आगमनले उच्चस्तरीय होटल तथा रिसोर्टहरूको विकास गरेको छ, विदेशी पर्यटकलाई आकर्षित गरेको छ, विदेशी मुद्रा आर्जनमा वृद्धि भएको छ र रोजगारीका अवसरहरू सिर्जना गरेको छ। सञ्चार क्षेत्रमा निजीकरण र उदारीकरणले मोबाइल सेवा, इन्टरनेट, डिजिटल मिडियामा प्रगति भएको छ। दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धाले सेवा गुणस्तरमा सुधार ल्याउनुका साथै मूल्य सुलभ भएको छ, जसले गर्दा धेरै जनताले यो सेवा उपभोग गर्न पाएका छन्।

प्रतिस्पर्धा बढेसँगै कम्पनीहरूले सेवामा नवप्रवर्तन गर्नुपर्ने आवश्यकता महसुस गर्छन्। बैंकिङ तथा बिमा क्षेत्रले प्रविधि नवप्रवर्तनमा विशेष ध्यान दिइरहेको छ। जसले ग्राहकलाई नयाँ र प्रभावकारी सेवाहरू उपलब्ध गराउन मद्दत पुगेको छ। यसले उत्पादकत्वमा वृद्धि गर्दै सेवा क्षेत्रलाई अझ विस्तार गरेको छ। वित्तीय क्षेत्रमा उदारीकरणले वित्तीय समावेशितालाई प्रोत्साहन गरेको छ। ग्रामीण क्षेत्रका जनताले वित्तीय सेवा उपयोग गर्न थालेपछि कृषिमा लगानी, साना व्यवसायको विस्तार, र कर्जामा वृद्धि भएको छ यसले समग्र आर्थिक उत्पादकत्वमा सुधार ल्याएको छ।

### बजार उदारीकरणका चुनौतीहरू

बजार उदारीकरणसँगै केही चुनौतीहरू पनि देखिएका छन्। उत्पादन लागत, दक्ष जनशक्ति, आधुनिकीकरण एवं यान्त्रीकरणमा समस्या हुँदा उत्पादित वस्तुको प्रतिस्पर्धी क्षमता कमजोर देखिन्छ। यसको मूल कारण बजार उदारीकरण भने होइन। अर्कोतर्फ ठूला तथा विदेशी कम्पनीहरूको आगमनले मुलुकभित्रका साना तथा मझौला व्यवसाय तथा उद्योगहरूलाई प्रभावित बनाएको छ। मुलुकको आर्थिक विकासका लागि सेवा क्षेत्रमा लगानी र उत्पादन क्षमतामा सुधार गर्नु अनिवार्य सर्त हो, यसका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्यसँगै नीतिगत स्थिरताको खाँचो छ। सरकार र निजी क्षेत्रको सहकार्यले नै उत्पादन क्षमतामा वृद्धि एवं आयातलाई व्यवस्थित गर्दै निर्यात प्रवर्द्धन गर्न सकिन्छ। निर्यातयोग्य वस्तुहरूको पहिचान र प्रवर्द्धन गर्न आवश्यक छ।

सबै क्षेत्रका व्यवसायको स्थायित्व र दीर्घकालीन विकासको मार्गमा अघि बढ्नका लागि पहिलो सर्त भनेको राजनीतिक स्थिरता र नीतिगत स्थायित्व नै हो। यहाँ हामी एकहदसम्म चुकेका छौं। उदारीकरणले ल्याएको अवसरलाई उपयोग गर्दै सेवा क्षेत्रको विकास एवं आर्थिक उत्पादकत्वलाई अझ माथि पुऱ्याउन नेपालको दीर्घकालीन विकासका लागि अत्यन्तै आवश्यक छ। बजार उदारीकरणले केही क्षेत्रमा असमानता र बजार एकाधिकारको स्थिति सिर्जना गरेको पनि हुनसक्छ। ठूलो पुँजी भएका विदेशी कम्पनीहरूले घरेलु कम्पनीहरूलाई बजारबाट बाहिर निकाल्ने प्रयास गर्दा स्वदेशी उत्पादनहरूमा प्रभाव पर्न सक्छ। उदारीकरणपछि सेवा प्रदायकहरूले लागत कटौती गर्न सेवामा गुणस्तर घटाउन सक्छन्। यसले ग्राहकलाई कमजोर सेवा प्रदान गर्न सक्छ, र जसले ग्राहकको सुरक्षामा प्रश्न उठ्न सक्छ।

### बजार उदारीकरणको सफल कार्यान्वयनका लागि के गर्ने ?

साना व्यवसायहरूलाई संरक्षण गर्न प्रोत्साहनका कार्यक्रमहरू ल्याउन आवश्यक छ। यी व्यवसायहरूले स्थानीय रोजगारी तथा अर्थतन्त्रमा योगदान पुऱ्याउने भएकाले उनीहरूको दीर्घकालीन सुदृढीकरण महत्त्वपूर्ण छ। नियमन संस्थाको सुदृढीकरण बजारमा असमानता तथा मोनोपोलीको खतरा कम गर्न नियमनकारी निकायलाई सुदृढ पारिनुपर्छ। बजार नियमनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्ने नियमनकारी निकायलाई सुदृढ पारिनुपर्छ। प्रविधि तथा नवप्रवर्तनमा लगानीः सेवा क्षेत्रमा प्रविधि तथा नवप्रवर्तनलाई प्रोत्साहन दिन सरकारले विशेष योजना ल्याउनुपर्छ जसले देशलाई विश्वव्यापी प्रतिस्पर्धामा अगाडि बढ्न मद्दत पुऱ्याउँछ। स्थानीय तहमा वित्तीय पहुँच बढाउन सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्छ। ग्रामीण क्षेत्रका जनतालाई वित्तीय सेवामा समेट्न सरकारले सहुलियत पूर्णयोजना ल्याउनुपर्छ।

नेपालजस्तो अतिकम विकसित मुलुकका लागि बजार उदारीकरणले आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। विशेषगरी सेवा क्षेत्रको विकास र आर्थिक उत्पादकत्वमा सुधार ल्याउन सकियो भने दिगो आर्थिक विकासको जग बसाल्न सकिन्छ। तर, यसको साथमा आएको चुनौतीलाई पनि नजिकबाट विश्लेषण गर्नु जरुरी छ। साना व्यवसायहरूको संरक्षण, नियमकीय निकायहरूको सुदृढीकरण, तथा ग्रामीण वित्तीय समावेशितामा ध्यान दिएरमात्र बजार उदारीकरणलाई सफल बनाउन सकिन्छ। बजार उदारीकरणले नेपालको आर्थिक विकासलाई दीर्घकालीनरूपमा सघाउन सक्ने छ र सेवा क्षेत्रलाई प्रतिस्पर्धात्मक तथा प्रभावकारी बनाउने छ।

### दशकयताको अर्थतन्त्र र आशावादी निजी क्षेत्र

विक्रम संवत् २०७२ सालको सुरूआतमा नै महाभूकम्पले देशलाई तहसनहस बनायो र अर्थतन्त्रमा ठूलो नकारात्मक असर पुऱ्यायो। काठमाडौं र आसपासका जिल्लाहरूमा आएको यस विपत्तिले निजी क्षेत्रलाई पनि धेरै प्रभावित गऱ्यो। भूकम्पको कारण सरकारीसँगै निजी लगानीबाट बनाइएका जलविद्युत् आयोजना र अन्य संरचनाहरूको मर्मत र सम्भारका लागि ठूलो लगानी र धेरै समय खर्चनुपर्ने भयो। उद्योगधन्दा र सम्पत्तिमा ठूलो क्षति पुगेको थियो। यद्यपि, भूकम्पको विपत्तिपछि २०७२ असोज महिनामा नयाँ संविधान जारी भएकोले निजी क्षेत्रमा नयाँ ढंगको उत्साहको वातावरण निर्माण भयो।

संविधानको घोषणाले नयाँ राजनीतिक मार्गदर्शन र स्थायित्वको आशा दियो। त्यतिबेला सरकारको नीति र ऐनमार्फत सहजीकरणका कार्यक्रमहरू पनि अघि बढाइयो। वित्तीय र मौद्रिक नीतिमा सुधारका कार्यक्रम ल्याइयो। व्यापार सहजीकरणका उपायहरू र भन्सारमा सहजीकरणका कार्यहरूले निजी क्षेत्रलाई राहत पुग्यो। त्यसपछि, ऊर्जा, पर्यटन, कृषि र खनिजजन्य उद्योगहरूमा पनि निजी क्षेत्र उत्साहित भएर अघि बढ्न थाले। यी सबै प्रयासहरूबाट सरकारले तय गरेको राजस्व लक्ष्यहरू पूरा गर्न पनि मद्दत पुग्यो।

तर, पछि विश्वव्यापी कोभिड महामारीको प्रभावले अर्थतन्त्रलाई फेरि शिथिल बनायो। आर्थिक वर्ष २०७६/७७ मा लकडाउनले मुलुकका सबैजसो कारोबार रोकिए र यसले दैनिक दुई अर्बको घाटा पुगेको थियो। अहिले निजी क्षेत्रलाई नीतिगत संरक्षण आवश्यक छ। निजी क्षेत्रले अहिले आफ्नो बलबुताले कामहरू अगाडि बढाउन प्रयास गरिरहे पनि नीतिगत सुधारको कछुवाको गतिमा मात्रै छ। जसले नतिजा पनि ढिलो हुँदै आएको छ। अझै पनि केही संकुचित प्रावधान कायमै रहेकाले समस्या समाधानमा कठिनाइ भइरहेको छ। राजनीतिक अस्थिरताका बीच सम्पूर्ण राजनीतिक दलहरूले आर्थिक समृद्धिको मार्ग अवरुद्ध नगर्ने प्रतिबद्धता जनाए पनि अब प्रतिबद्धतामात्र होइन, आर्थिक क्षेत्रलाई प्राथमिकतामा राखेर ठोस कार्यान्वयनमा लाग्न आवश्यक छ।

*(नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष अग्रवालको यो लेख नेपाल आर्थिक पत्रकार समाज-सेजनद्वारा प्रकाशित 'अर्थनीति' बाट साभार गरिएको हो। सं)*

# आयातमा आश्रित बन्नुको विडम्बना

दुई दशकअघि राजधानीमा ट्रली बस चल्थ्यो। त्रिपुरेश्वरदेखि माइतीघर, नयाँ बानेश्वर, कोटेश्वर, कौशलटार, सल्लाघारी हुँदै भक्तपुरको सूर्यविनायकसम्म त्यो बस जान्थ्यो। त्यसपछि पुनः सोही रुटमा सञ्चालन हुन्थ्यो। २०३२ सालमा अनुदानस्वरूप चीन सरकारले झण्डै ३०० वटा ट्रली बस दिएको थियो। बस सञ्चालन गर्न आवश्यक उपकरण पनि चीनले नै जडान गरिदिएको थियो। ट्रली बस विद्युतीय थियो। बसको माथि तार जोडिएको हुन्थ्यो। जसले विद्युत् आपूर्ति गर्थ्यो। बिहान ४ बजेदेखि राति ९ बजेसम्म उक्त बस उपत्यकामा चल्थ्यो। एकातिर भाडा सस्तो थियो, अर्कोतिर पैसा दिएपछि टिकट पनि दिइन्थ्यो।

यो बस चल्दा आम सर्वसाधारणलाई निकै सहज भएको थियो। तर, राजनीतिक दलका नेता तथा कर्मचारीहरूले बस नै बेचेर खाए। ट्रली बसमा काम गर्ने कर्मचारीहरूले कम्पनी नै डुबाए। अनि आफूलेचाहिँ घडेरी जोडे। अहिले बेलुका ५ बजेपछि त्रिपुरेश्वरबाट भक्तपुर जाने गाडी पाइँदैन। केही गरी गाडी पाइहाले पनि खुट्टा टेक्ने ठाउँ हुँदैन।

अर्कोतर्फ, सहचालक, चालक बढी भाडा असुल्छन् तर टिकटचाहिँ दिँदैनन्। पञ्चायतकाल वा राजाको समयमा मुलुकमा थुप्रै उद्योग, कलकारखाना थिए। कपडादेखि, नेपाली कागज, जुत्ता, जुत्तमेल, चाइनिज इट्टा, गलैंचा, गार्मेन्ट, सिमेण्ट, धागोलगायत नेपालमै उत्पादन हुन्थ्यो। सरकारी स्वामित्वका यस्ता उद्योग तथा कलकारखाना हजारौं थिए।

तर, अहिले सरकारी स्वामित्वमा उद्योग, कलकारखाना नै छैनन्। कतै भए पनि वर्षौंदेखि बन्द छन्। राजनीतिक दलका नेताहरूले सरकारी स्वामित्वका सम्पूर्ण उद्योग, कलकारखाना निजीकरण गरिरहेका छन्। जसका कारण आमसर्वसाधारण महँगोमा सामान खरिद गर्न बाध्य भएका छन्। त्यो पनि गुणस्तरहीन।

सरकारकै उद्योग, कलकारखाना हुँदा त्यहाँ उत्पादन भएका वस्तु सहुलियत मूल्यमा पाइन्थ्यो। अहिले त्यो बेचिएपछि निजी व्यवसायीहरूको ठगीधन्दा मौलाएको छ। उनीहरू गुणस्तरहीन सामान उत्पादन गर्छन्। अनि मूल्यचाहिँ एकदमै महँगो हुन्छ। अझ रोचक कुरा त के छ भने निजी व्यवसायीहरूले पनि यहाँ उत्पादन नगरी विदेशबाट सामान आयात गर्ने गरेका छन्।

यहाँ आफूलाई उद्योगी भन्छन्। तर, विदेशबाट आयात गरिएको सामान बेच्छन्। अहिले हामीले लगाएका कपडादेखि खाने खाद्यान्न सबै विदेशबाटै आयात गरिएको हो। नेपालमै उत्पादन भएका कुनै पनि वस्तु हामीले उपभोग गर्न पाएका छन्। हाम्रो घर वा कोठामा भएका सम्पूर्ण वस्तु तथा सामग्री विदेशी नै पाइन्छ। हामी नेपाली नागरिकता बोक्छौं। विडम्बना, त्यही नागरिकता राख्न प्रयोग गरिएको कपडा वा झोलाचाहिँ विदेशबाट आयात गरिएको हुन्छ।

अहिले जनताका छोराछोरी विदेशमा छन्। गाउँदेखि सहरसम्म बूढाबूढी मात्र भेटिन्छन्। जनताका छोराछोरी विदेशमा रगतपसिना बगाएर नेपालमा रेमिटचान्स पठाइरहेका छन्। त्यही रेमिटचान्समा दलका नेता र कर्मचारीहरूको मोजमस्ती चलेको छ। आफ्ना कार्यकर्ता भेला गरेर नेताहरू नेपाललाई सिंगापुर बनाउँछौं भन्दै झूठा भाषण गर्छन्। यी नेताहरूले जनतालाई कहिलेसम्म झुक्याइराख्ने हुन् खै ?

- रामचन्द्र श्रेष्ठ
मंगलबजार, ललितपुर

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

जलवायु परिवर्तनको कहर

# सगरमाथा क्षेत्रका महिलाको स्वास्थ्यमा संकट



■ सुवास दर्नाल

**सोलुखुम्बु–** सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-४ सोमारेकी ३४ वर्षीया शेर्पा थरकी एक महिलाको अनुभवले सगरमाथा क्षेत्रका महिलाहरूमा जलवायु परिवर्तनको असरलाई उजागर गरेको छ । उनको महिनावारी अनियमित भएको मात्र होइन, काठमाडौंमा उपचारपछि सामान्य भए पनि गाउँ फर्किंदा समस्या पुनः दोहोरिन थाल्यो । 'यहाँको हावापानीले गर्दा यस्तो भएको हो कि भन्ने लागेको छ,' उनले बताइन् । प्रजनन्मै आएको समस्याले केही समय आफ्नो गाउँ छोडेर काठमाडौंमा बस्न थालेको अनुभवसमेत शेर्पाले सुनाइन् ।

उच्च हिमाली भेगमा बसोबास गर्ने महिलाहरूमा महिनावारी अनियमित र बाँझोपनको समस्या सामान्यजस्तै हुँदै गएको छ । खुम्बु क्षेत्रकी स्वास्थ्यकर्मी डिमडोमा शेर्पाका अनुसार धेरैजसो महिलाहरू स्वास्थ्य संस्था पुग्दा प्रजनन्सम्बन्धी समस्या लिएर आउने गरेका छन् । कतिपय महिलाहरू आफ्नो समस्या चुपचाप सहेर बस्छन् भने केहीले मात्र जाँच गराउन आइपुग्छन् ।

महिनावारीको अवधि लम्बिने, असामान्य रगतस्राव हुने र गर्भधारणमा समस्या उत्पन्न हुने घटना बढिरहेको शेर्पाले बताइन् । 'पहिले मेरो महिनावारी नियमित थियो तर अहिले महिनावारी अनियमित भइसकेको छ । यो परिवर्तन जलवायु परिवर्तनकै कारण भएको जस्तो लाग्छ,' सगरमाथा क्षेत्रकै अर्की एक शेर्पा थरकी महिलाले परिचय नखुलाउने सर्तमा भनिन्, 'विगतमा यस्तो हुँदैन थियो तर पछिल्लो १५ वर्षमा यहाँको परिवर्तनले हामी महिलालाई धेरै असर गरेको छ । मेरो मात्रै होइन, मेरा धेरै साथीहरूको पनि प्रजनन्मा समस्या भइरहेको बताएका छन् । उनीहरूको महिनावारी समयमा नहुने, रगत धेरै बग्ने, गर्भपतन हुने जस्ता समस्या यहाँका लागि सामान्य जस्तै भइसकेको छ । पुरुषहरूलाई खासै असर नगरे पनि महिलाहरूलाई यसको असर बढी छ ।' हिमाली क्षेत्रमा बेमौसमी हिमपात र अस्वाभाविक तापक्रम वृद्धिले प्रजनन स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ ।

महिलाहरूले समयमै चिकित्सकीय परामर्श नपाउँदा समस्या गम्भीर हुने गरेका छन् । लबुचेका संगम राई भन्छन्, 'पछिल्लो केही वर्षयता चैत-वैशाखमा धेरै हिमपात हुने क्रम बढिरहेको छ । यो हिमपात पुस-माघमा हुनुपर्ने हो । अब समय त धेरै फेरियो ।' हिमालमा यस्ता परिवर्तनका असरहरू देखिने क्रम बढ्दो छ । जलवायु परिवर्तनले सगरमाथा क्षेत्रका महिलाको स्वास्थ्यमा अनपेक्षित चुनौती थपेको छ । सगरमाथा क्षेत्रको खुम्बु हिमनदी छोटिँदै गएको र आधार शिविर क्रमशः गहिरिँदै गएको स्थानीय व्यवसायीहरूले बताएका छन् ।

आरोहीहरूद्वारा छोडिएका सामग्री र फोहोरका कारण तापक्रममा थप असर परिरहेको छ । पर्यटन व्यवसायी साङ्गे शेर्पा भन्छन्, 'आधार शिविर वर्षैपिच्छे खाल्डोमा परिणत हुँदै छ । यो राम्रो संकेत होइन ।' यसले स्थानीय पर्यावरणमात्र नभई महिलाहरूको जीवनशैली र स्वास्थ्यमासमेत असर पुर्‍याएको अभियन्ता प्रजिता कार्कीले बताइन् । 'महिलाहरू घरदेखि बाहिरसमेत बढी केन्द्रित हुने भएकाले चुलोमा देखिएको असरदेखि हिमालको फेदमा देखिएको असरको शिकार बढी मात्रामा महिलाहरू भइरहेका छन् । यसलाई रोक्न र समाधान गर्न सबै एक हुनुको विकल्प छैन,' कार्कीले भनिन् ।

### प्रजनन् स्वास्थ्यमा जलवायु परिवर्तनको प्रभाव

महिनावारी अनियमितताले महिलाहरूको जीवनमा ल्याउने दीर्घकालीन असरलाई नजरअन्दाज गर्न नसकिने खुम्बु क्षेत्रका स्वास्थ्यकर्मीहरूको भनाइ छ । गर्भाधानमा समस्या, बच्चा जन्माउने क्षमतामा गिरावट र मानसिक स्वास्थ्यमा प्रभावजस्ता समस्या जलवायु परिवर्तनसँग सम्बन्धित हुने संकेत देखिएको छ । स्वास्थ्यकर्मी डिमडोमाका अनुसार जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगमा जलवायु परिवर्तनले महिलाहरूको हर्मोन सन्तुलनमा असर गरिरहेको हुनसक्छ । यो समस्या समाधान गर्न विशेष स्वास्थ्य योजना र परामर्श सेवाको आवश्यकता छ ।

जलवायु परिवर्तनका कारण हर्मोन असन्तुलन र त्यसको शारीरिक तथा मानसिक प्रभावले महिलाहरूको प्रजननमा असर गरेको हुनसक्ने नेपाल चिकित्सक संघका महासचिव सञ्जिव तिवारीको तर्क छ । 'यहाँका महिलाहरूमा जलवायु परिवर्तनको असर भएको महसुस भयो तर यो गहिरो खोज र अध्ययनको विषय हुन सक्छ । यो सामान्य विषय भने होइन । यसलाई सामान्य सम्झँदै जाने हो भने भोलिका दिनमा यहाँका महिलाहरूमा ठूलो प्रजनन् समस्या नदेखिएला भन्न सकिन्न,' उनले भनिन् ।

स्थानीय उत्पादन र खेतीमा गिरावट

खुम्बु क्षेत्रका खेतीयोग्य बालीमासमेत गिरावट आएको छ । खुम्जुङकी पासाङल्हामु शेर्पाका अनुसार गहुँ, जौ र फापरजस्ता बाली अब उब्जाउन कठिन भएको छ । 'पहिले कति धेरै उवा र फापर हुन्थ्यो । अहिले बाली लगाउने बारी पनि बाँझो छोडिएको छ,' उनले भनिन् । कृषि उत्पादन घट्नुले महिलाहरूको पोषण र स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ । खुम्जुङ क्षेत्रमा फल्ने हिमाली खेतीहरू अहिले उत्पादन हुनै छोडेको स्थानीय बताउँछन् । यसले गर्दा बालबालिकादेखि महिलाहरूको पोषणमा असर पर्नसक्ने सम्भावना बढेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । खेती नै हुन छोडेपछि विगतमा उवा, फापर, जौजस्ता बालीहरू उब्जाउ हुने जग्गाहरू बाँझो पाखामा परिणत भएको स्थानीय फुरी शेर्पाले बताइन् ।

### हिमनदीहरू खस्कँदै, हिमालहरू कालापत्थरमा परिणत हुँदै

सगरमाथा क्षेत्रका हिमनदीहरू छोटिँदै र पातलिँदै गइरहेका छन् । आरोहीहरूका लागि आधार शिविरका रूपमा परिचित क्षेत्रहरू अहिले पहिरोको जोखिममा परेका छन् । पर्यटन व्यवसायी कर्मा शेर्पा १५ वर्षदेखि सगरमाथा क्षेत्रमा पर्यटन व्यवसाय गर्दै आएका छन् । उनी भन्छन्, 'पहिला आधार शिविरका हिमनदी चहकिला र सफा देखिन्थे, तर अहिले त आधार शिविर नै खाल्डोजस्तो देखिन्छ । हिउँ कम हुँदै गएर कालापत्थर देखिन थालेको छ ।' पछिल्लो एक दशकमा हिमनदीहरूको पग्लिने दर तीव्र भएको छ ।

स्थानीय जानकार पासाङ शेर्पाका अनुसार यस क्षेत्रको तापक्रम वृद्धि र विगतमा आरोहीहरूद्वारा छोडिएका फोहोरले ग्लेसियरको संरचनामा प्रत्यक्ष असर पारेको छ । सगरमाथा क्षेत्र जलवायु परिवर्तनको सबैभन्दा प्रत्यक्ष असर भोग्ने हिमाली क्षेत्रहरूमध्ये एक हो । बेमौसमी हिमपात अनियमित वर्षा र अस्वाभाविक तापक्रमले यहाँको हावापानीलाई परिवर्तन गरिरहेको छ । 'पहिले पुस-माघमा हिउँ पर्दथ्यो, अहिले चैत-वैशाखमा हिउँ पर्न थालेको छ । यसले पर्यावरणीय सन्तुलन खलबलिएको छ,' गोरक्सेपका व्यवसायी हिरा कुलुङले भने । यस्तो परिवर्तनले हिमालको फेददेखि शिखरसम्मको जैविक र भौतिक संरचना जोखिममा परेको उनको भनाइ छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले हालै अजरबैजानमा आयोजित कोप सम्मेलनअघि सार्वजनिक गरेको प्रतिवेदनले हिमाली क्षेत्रको हिमगलनमा तीव्रता आएको देखाएको छ । सगरमाथा आरोहीहरूले आधार शिविरमा छोडेका फोहोरले पनि यहाँको तापक्रममा असर पुर्‍याएको छ । प्लास्टिक, खाद्यान्नका प्याकेट र अन्य गैरजैविक फोहोरले हिमनदीहरूमा सूर्यको प्रकाशको प्रभाव बढाएको जानकारहरूको तर्क छ ।

पर्यटन व्यवसायी पासाङ शेर्पाका अनुसार आरोहीहरू यहाँ आफ्नो सामग्री छोडेर फर्किन्छन् । सधैं चाँदीझैँ टलक्क टल्कने हिमालहरू काला पहाडमा परिणत हुँदै छ जसका कारण पनि जलवायु परिवर्तनको असरको चपेटामा सगरमाथा क्षेत्र परेको पुष्टि हुने नाम्चेका लामाकाजी शेर्पाले बताए । उनले भने, 'सगरमाथा नै अब कालो पहाडजस्तो देखिन थालेको छ, नाम्चेबाट देखिने हिमालहरू हेर्दा विरक्त लाग्ने भइरहेको छ । यी सबै समस्या जलवायु परिवर्तनको असरले नै देखिरहेको आभास हुन्छ ।'

### जलवायु परिवर्तनको कारण र समाधान

जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगका महिलाहरूको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने सम्भावना देखिएको छ । वातावरणविद् डा. राजन थापाका अनुसार शक्ति राष्ट्रहरूले चलाएका उद्योगहरू र विश्वव्यापी तापक्रम वृद्धिले नेपालको हिमाली क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्दै गएको छ । युनेस्कोको प्रतिवेदनअनुसार तापक्रमको वृद्धिले विश्व सम्पदा सूचीका प्राकृतिक सम्पदामा गम्भीर जोखिम थपिएको छ । यदि तापक्रम वृद्धिको नयाँ गति रोकिएन भने दुई डिग्री सेल्सियसभन्दा माथि पुग्ने सम्भावना छ, जसले सगरमाथा क्षेत्रका हिमालहरू संरक्षणमा ठूलै मूल्य चुकाउनुपर्ने थापाको भनाइ छ । हिमालहरू पग्लिएर गइरहेका छन् ।

### सामूहिक कदमको आवश्यकता

सगरमाथा क्षेत्रको पर्यावरणीय र सामाजिक समस्याको समाधानका लागि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सामूहिक प्रयास गर्न आवश्यक छ । जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न शक्ति राष्ट्रहरूले आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ । 'यदि विश्वव्यापी तापक्रम वृद्धिमा रोक लागेन भने सगरमाथाका हिमनदीहरू केही दशकमै समाप्त हुने छन्,' डा. थापाले चेतावनी दिए । जलवायु परिवर्तनले महिलाहरूको स्वास्थ्य र जनजीवनमा परेको असरले यो क्षेत्रका चुनौतीहरूको व्यापक अध्ययन र समाधानको खाँचो देखाएको छ । हिमाली क्षेत्रका महिलाहरूको स्वास्थ्य सुरक्षाका लागि थप अनुसन्धान, स्वास्थ्य सेवा विस्तार र जलवायु परिवर्तन न्यूनीकरणमा ठोस कदम चाल्नु अपरिहार्य छ । *रासस*



**विमानस्थलको हिउँ पन्छाउँदै** | हवाई सेवा सञ्चालनमा ल्याउन सिमकोट विमानस्थलको हिउा पन्छाउादै सुरक्षाकर्मीको टोली । हुम्लामा आइतबार रातिदेखि सोमबार दिउासोसम्म हिमपात भएपछि विमानस्थललगायतका क्षेत्रमा हिउा जमेको छ । *तस्बिरः दाने बोहरा/रासस*

# बाँकेमा मानवअधिकार सूचना तथा स्रोत केन्द्र स्थापना

**नेपालगञ्ज (प्रस)–** बाँकेमा मानवअधिकार सूचना तथा स्रोत केन्द्र स्थापना गरिएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले ७६औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले निर्माण गरेको स्रोत केन्द्र भवनको बाँकेको जानकी गाउँपालिका-३ मा आज शुभारम्भ गरे ।

सो अवसरमा मुख्यमन्त्री आचार्यले मानवअधिकारको रक्षा र प्रवर्द्धन गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले समाजमा रहेका हरेक व्यक्तिलाई समान अवसर र सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । न्यायपूर्ण र समतामूलक समाज निर्माणका लागि साझा ऐक्यबद्धता आवश्यक रहेको र त्यसका लागि प्रदेश सरकारले समन्वयको भूमिका निर्वाह गर्ने उनको भनाइ छ ।

'मानवअधिकार समाजको प्रगितसँग जोडिएको छ, हामीले न्यायपूर्ण र समतामूलक समाजको परिकल्पना गरेका छौं, त्यसका लागि मानवअधिकार सुनिश्चित हुन जरुरी छ,' उनले भने, 'मानवअधिकारको प्रत्याभूतिका लागि प्रदेश सरकारले समन्वयकारी भूमिका निर्वाह गर्नेमा प्रतिबद्धता जनाउन चाहन्छु ।'

लुम्बिनी प्रदेश अन्य प्रदेशको तुलनामा द्वन्द्वको चपेटामा परेको र त्यसबाट उत्पन्न समस्याले अहिले पनि मानवअधिकार प्रत्याभूति हुन नसकिरहेको सन्दर्भ केलाउँदै मुख्यमन्त्री आचार्यले द्वन्द्व प्रभावितहरूको न्यायका लागि प्रदेश सरकारले भूमिका बढाउने बताए ।

'लुम्बिनी प्रदेश द्वन्द्वको चपेटामा पर्‍यो, अहिले पनि पीडितहरूले भोगेका समस्या सम्बोधन गर्नेगरी काम अघि बढेका छन्, त्यो भूमिका निर्वाह गर्न प्रदेश सरकार तयार छ,' उनले भने, 'मानवअधिकार रक्षाका निम्ति कुनै कसर बाँकी राख्ने छैन, प्रदेश सरकारले खेल्नुपर्ने भूमिका निभाउँछौं ।'

मानवअधिकार रक्षाका निम्ति इन्सेकले हरेक क्षेत्रबाट प्रभावकारी भूमिका खेलेको स्मरण गर्दै मुख्यमन्त्री आचार्यले अझै मानवअधिकारको क्षेत्रमा थुप्रै काम गर्न आवश्यक रहेको बताए । 'इन्सेकले द्वन्द्वको बेलामा खेलेको भूमिका कसैले भूल्न सक्दैन,' उनले भने, 'अहिले पनि राज्यलाई मानवअधिकारको क्षेत्रबाट खबरदारी गरिरहनुभएको छ, राज्यले मानवअधिकार क्षेत्रबाट उठाएका कुराहरू सुन्नुपर्छ ।'

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालको अध्यक्षतामा भएको सो कार्यक्रममा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल, इन्सेकका पूर्वअध्यक्ष सुवोध प्याकुरेल, इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महत, राष्ट्रिय मानवअधिकार आयोग नेपालगञ्जका प्रमुख द्वारिका अधिकारीलगायतले द्वन्द्व व्यवस्थापनका विषयमा बोलेका थिए ।

इन्सेकको आफ्नो स्वामित्वमा रहेको २७ धुर जग्गामा ४७ लाख २९ हजार रूपैयाँको लागतमा सो स्रोत केन्द्र स्थापना भएको हो । स्रोत केन्द्रलाई द्वन्द्वपीडितलाई कानुनी तथा मनोपरामर्शका साथै सूचना आदानप्रदान गर्ने थलोका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

जहदा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आसयको सूचना**

प्रकाशन मिति : २०८१/०८/२६

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वजेट नीति तथा कार्यक्रम बमोजिम तपशिल अनुसारको ठेक्काका लागि प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम शिलबन्दी बोलपत्र माध्यमद्वारा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम मिति २०८१/०८/२३ गते स्वीकृतीका लागि निणर्य गरिएको हुदाँ सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | फर्म/संस्थाको नाम, ठेगाना | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | JRM/PMEP/RFQ/081/082-09 | Hiring a Firm for Skills Development Training in LL | श्री जय नेपाल होटल म्यानेजमेन्ट एण्ड टेक्नोलोजी ट्रेनिङ्ग प्रा.लि., विराटनगर, मोरङ्ग | रु. ४,४६,९१५।- (चार लाख छयालिस हजार नौ सय पन्ध्र रुपैया) (भ्याट समेत) | |

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
**Armed Police Force, Nepal Headquarters, Procurement Division**
Kathmandu, Nepal

**Letter of Intent**

*Date of publication: 2081/08/26*

As per section 27(2) of Public Procurement Act-2063, This is to notify all the concerned Parties that it is our intention to award below mentioned contracts IFB No: APF/NCB/R/01/2081/082 (Re-Notice) published on National Daily Newspaper Prabhab on 2081/08/05 to the substantially responsive lowest evaluated bid as mentioned below in respective column.

| S.N | Contract ID No. | Name of Procurement | Selected Bidder | Bid Amount (without VAT) NRs. |
|---|---|---|---|---|
| 1. | APF/NCB/R/01/2081/082 (Re-Notice) | Dog Ration Items | Shree Batuk Bhairav Suppliers, Lalitpur | 50,37,036/- |

प्रभाव दैनिक

रूपशाला

## सुदीपभूपालको निर्देशनमा 'श्री बुकुरो' बन्ने

सुदीपभूपाल सिंहले सात वर्षपछि कथानक फिल्म निर्देशनमा पुनरागमन गर्ने भएका छन् । सोमबार उनको आगामी निर्देशकीय फिल्म 'श्री बुकुरो : द होम कलिङ' निर्माण घोषणा भएको छ । सिंह अघिल्ला दुई फिल्म 'माला' र 'रूद्रप्रिया'ले परिचित छन् । उनको पछिल्लो फिल्म 'रूद्रप्रिया' सन् २०१७ मा प्रदर्शन भएको थियो । फिल्म 'श्री बुकुरो' पारिवारिक कथावस्तुमा निर्माण हुने जनाइएको छ । टिजर पोस्टरमार्फत कथावस्तु र कलाकारलाई चिनाइएको छ । 'फेमिली ड्रामा' जनरामा बन्न लागेको फिल्मका कलाकारको लाइनअप पनि घोषणा छ ।







# शेर्पा समुदायको कथामा 'कार्साङ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** दयाहाङ राई अभिनित फिल्म 'कार्साङ' २६ पुसमा देशव्यापी प्रदर्शन तयारीमा छ । फिल्ममा राई शेर्पा समुदायको व्यक्तिको भूमिकामा छन् । दयाहाङको चरित्रमार्फत उक्त समुदायको संस्कृति, आञ्चकलिता र परिवेशलाई बुझ्न सजिलो हुने अपेक्षा दर्शकको छ ।

केही दिन अगाडि सार्वजनिक टिजरले पनि चरित्र चित्रण र सन्दर्भलाई गजबले प्रस्तुत गरेको छ । फिल्ममा दयाहाङले शेर्पा समुदायका झाँक्रीको भूमिका निर्वाह गरेका छन् । आर्थिक रूपमा विपन्न पात्र जसको सपना परिवारको सपना पूरा गर्नु हुन्छ । विपन्नताका कारण उसले परिवार र समाजसँग संघर्ष गर्नुपर्छ ।

फिल्मको निर्देशन याम शेर्पाले गरेका हुन् । टिजरबाट फिल्मले उत्साहजनक प्रतिक्रिया प्राप्त गरिरहेको निर्देशक शेर्पाले बताए । 'दर्शक फिल्ममा शेर्पा समुदायको कथा हेर्न पाइने भयो भनेर उत्सुक छन्' शेर्पाले भने ।

फिल्ममा जितु नेपालका श्रीमान् श्रीमतीको सन्तान नहुँदाको तनावसम्म समेटिएको छ । सरसापटीले काम चलाउने ग्रामीण परिपाटी, एकजोर नयाँ लुगा लगाउन चाहने सन्तानको सपना पुरा गर्न नसक्ने चरम गरिबीको कथा यसमा छ ।

निर्देशक स्वयंले लेखेको फिल्ममा डेब्यु अभिनेत्री सिर्जना निङलेखु, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, कविता आले, कर्मा शेर्पा, छोकी शेर्पा, सभ्यदीप गौतम, विमल पुरी, दिलीप पन्त, छिरिङ शेर्पा, पवन कुमार गोले, अमृत शेर्पाको अभिनय देख्न सकिन्छ ।

यार्सा फिल्मस र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा निर्माण भएको फिल्मका प्रधान नै छाँयाकार हुन् ।

# मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव जारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'बाह्रौं नेपाल मानवअधिकार अन्तर ाष्ट्रिय चलचित्र महोत्सव' को मंगलबार दोस्रो दिन विभिन्न वृतचित्र, चलचित्र प्रदर्शनसँगै अन्तरक्रिया भइरहेको छ । महोत्सवका निर्देशक पाण्डव खत्रीका अनुसार नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र केन्द्रको आयोजनामा 'सामाजिक न्याय'को नारासहित भइरहेको महोत्सवमा नेपालसहित २३ देशका ५३ चलचित्र सहभागी छ ।

महोत्सव निर्देशक खत्रीले विश्व प्रतिष्ठित कान्स चलचित्र महोत्सवमा सहभागी भएको पुरस्कृत चलचित्र 'अल वी इमाजिन एज लाइट' प्रदर्शन गरिनुका साथै 'एड्रेसिङ जेन्डर राइट्स : फिल्म्स एस अ टुल्स अफ एड्भोकेसी'का विषयमा अन्तरक्रिया हुने जानकारी दिए ।

'दोस्रो दिन उत्साहाजन रूपमा चलचित्रकर्मीसँगै आम दर्शकको सहभागिता रहेको छ, हामीले मानव अधिकारका विषयमा निर्माण भएका चलचित्र, वृतचित्र लगायत प्रदर्शन गरिरहेका छौं, यसले आम मानिस सन्देश प्रवाह गर्छ भन्ने विश्वास लिएका छौं', महोत्सव निर्देशक खत्रीले भने ।

नेपालसहित पाकिस्तान, बङ्गलादेश, भारतलगायत देशका चलचित्रकर्मीको सहभागिता रहने महोत्सव यही मङ्सिर २७ गतेसम्म चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा सञ्चालन हुनेछ । सन् २००९ मा स्थापना भएको मानवअधिकार चलचित्र केन्द्रले महोत्सव आयोजना गर्दै आएको छ ।

# 'निर्माताहरूबीच एकता र पारदर्शी नीति आवश्यक छ'

**- शर्मिला पाण्डे, निर्मात्री**



**चलचित्र निर्माणमा महिला निर्माताको संख्या नगन्य रहेपनि शर्मिला पाण्डे यसैमा सक्रिय रहेकी छिन् । लामो समयदेखि सिने क्षेत्रमा सक्रिय शर्मिला पाण्डेले चिसो मान्छे, घर, चङ्गा चैट, आमा, परस्त्री, लभ लभ लभ जस्तो चलचित्र निर्माण प्रदर्शन गरिसकेकी छिन् । अहिलेको अवस्थामा नेपाली सिनेमा निर्माणको क्षेत्रमा महिलाहरू आउने र जाने शिलशिला चलिरहेपनि शर्मिला पाण्डे भने आफ्नै गतिमा अघि बढिरहेकी छिन् । बिगतमा आफुले निर्माण गरेको चलचित्रहरू समयसापेक्षिक रहेको र अब निर्माण हुने चलचित्र मौलिकपन झल्कने उनले बताइन् । कलाकारितासंगै चलचित्र निर्माणमा र अन्य व्यवसायमा समेत सक्रिय रहँदै आएकी निर्मात्री पाण्डेसँग प्रभाव दैनिकका लागि गरेको कुराकानीः**

**० यतिबेला तपाईको मनमा के कुरा खेलिरहेका छ ?**

- अहिले नेपाली फिल्म क्षेत्रको प्रगति र यसको विश्वव्यापी सम्भावनाबारे सोचिरहेकी छु । नयाँ कथावस्तु, प्रविधि, र बजार विस्तारका लागि के गर्न सकिन्छ भन्ने योजनामा ध्यान केन्द्रित गरेको छु ।

**० केही दशक अगाडि निर्माण हुने नेपाली चलचित्रमा मौलिकता, संस्कृति सभ्यता प्रधान हादा नेपाली चलचित्रले बजार लिने गर्थ्यो के फेरी त्यही ट्रेन फर्केको हो ?**

- हो, नेपाली मौलिकता र संस्कृति दर्शकलाई नजिक ल्याउन सफल हुन्छ । अहिले पनि यस्तो शैलीको पुनरागमन देखिन्छ । दर्शकहरूमा आफ्नोपन खोज्ने चाहना बढिरहेकोले, यो एउटा सकारात्मक संकेत हो ।

**० अहिलेको व्यापार हेर्दा नेपाली सिनेमालाई विदेशी चलचित्रसाग तुलना गर्न सकिने अवस्था आएको हो ?**

- केही हदसम्म । प्रविधि, अभिनय, र कथाको स्तरमा सुधार गर्दै नेपाली फिल्महरू प्रतिस्पर्धात्मक हुँदै गएका छन् । तर, अझै ठूलो अन्तर छ जसलाई समयसापेक्ष सुधार गर्नुपर्छ ।

**० चलचित्रमा नयाापनको साथै, कलाकारमा अभिनय क्षमतामा दक्षता, धैर्यताको कत्तिको जरुरी छ ?**

- अभिनय क्षमता र धैर्यता दुबै अनिवार्य छन् । फिल्म बनाउने र सफल बनाउने यात्रामा धैर्यता र दृढता अपरिहार्य हुन्छ । कलाकारले सिर्जनशीलतालाई जीवन्तता दिन निरन्तर अभ्यास र मेहनत गर्नुपर्छ ।

**० कलाकारितासागै चलचित्र निर्माणमा लाग्नुको कारण ?**

- म नेपाली फिल्म क्षेत्रमा गुणस्तरीय योगदान दिन चाहन्थेँ । कलाकारिताले मलाई सृजनात्मक सोचमा अभिप्रेरित गर्यो भने निर्माणले त्यसलाई मूर्तरूप दिन सहयोग गर्‍यो ।

**० चलचित्रमा लगानी गर्नु भनेको आर्थिक जोखिम उठाउनु भन्छन्, यो जोखिम उठाउने हिम्मत कसरी जुटाउनु भयो ?**

- जोखिम त सधैं हुन्छ । तर, सशक्त कथा, दर्शकको चाहना र बजारको सही विश्लेषण गरेपछि जोखिमलाई व्यवस्थापन गर्न सकिन्छ । आत्मविश्वास र टीमवर्कको बलमा यो सम्भव छ ।

**० विभिन्न विषयमा आधा दर्जन चलचित्र बनाई सक्नु भएको छ, अबको प्रस्तुति कस्तो रहने छ ?**

- अबका चलचित्रहरूमा नयाँ सोच, प्रविधि, र अन्तर्राष्ट्रिय स्तरको प्रस्तुति रहने छ । विशेषगरी, नेपाली पहिचानलाई विश्वसामु प्रस्तुत गर्ने काममा केन्द्रित हुनेछु ।

**० पछिल्लो समय सिनेमाको व्यापारले नेपाली फिल्म निर्माताको चुरीफुरी र खुसी बढेको हो ?**

- नेपाली फिल्मको व्यापारले निश्चित खुसी र आशा दिएको छ । यो हाम्रो मिहेनत र दर्शकको मायाँ पाउने प्रमाण हो ।

**० केही निर्माता पूरै घाटाको व्यापार गरिरहेको भए पनि फिल्म बनाउन छाड्दैनन् किन ?**

- फिल्म बनाउन एउटा सपना र जुनून आवश्यक पर्छ । घाटा भए पनि सिर्जनशीलताको मोह र नेपाली फिल्म क्षेत्रलाई योगदान दिने इच्छा बलियो हुन्छ ।

**० एकै साता दुईदेखि बढी फिल्म हलमा लाग्नु राम्रो कि नराम्रो ?**

- यसले व्यवसायमा असर गर्न सक्छ । सन्तुलन र सही वितरण रणनीति आवश्यक छ, ताकि सबै फिल्मलाई दर्शकसम्म पुग्ने उचित अवसर मिलोस् ।

**० फिल्म लगाउने बेला हल वाला र वितरक मिलेर निर्माता माथि राजनीति गर्छन् भन्छन् नि ?**

- केही हदसम्म सही हो । तर यो समस्या समाधान गर्न निर्माताहरूबीच एकता र पारदर्शी नीति आवश्यक छ ।

**० यति लामो समयदेखि फिल्म क्षेत्रमा हुनुहुन्छ, तपाईले महसुस गर्नुभएको सकारात्मक पक्ष ?**

- नेपाली फिल्म क्षेत्र दिनानुदिन परिपक्व हुँदैछ । नयाँ प्रतिभाहरू, प्रविधिमा सुधार र दर्शकको माया सकारात्मक पक्ष हुन् ।

**० फिल्म बनाउनु भन्दा पहिले ध्यान दिनुपर्ने कुराहरू ?**

- पहिलो ध्यान कथा र विषयवस्तुको मौलिकतामा जानुपर्छ । त्यसपछि निर्देशकको दृष्टिकोण, प्राविधिक टोलीको दक्षता, लोकेशनको उपयोगिता र बजेटअनुसारको सही व्यवस्थापन गर्नुपर्छ । दर्शकको मनोविज्ञान बुझेर त्यही अनुसारको प्रस्तुति तय गर्नु पनि आवश्यक छ ।

**० समग्र फिल्म क्षेत्रको विकासको लागि के गर्नुपर्ला ?**

- सरकारले अनुदान, नीति सुधार र प्रविधि उपलब्ध गराउनुपर्छ । साथै सबै सरोकारवाला एक भएर फिल्म क्षेत्रलाई व्यावसायिक र सृजनात्मक रूपमा अगाडि बढाउनुपर्ने हुन्छ ।

**० अहिले समुद्रपारी पनि नेपाली फिल्मको माग हुन थालेको छ । यसलाई निरन्तरता दिन चाल्नु पर्ने कदम कस्तो हुनुपर्छ ?**

- अन्तर्राष्ट्रिय वितरण नेटवर्क विस्तार, उपशीर्षकको व्यापकता र प्रविधिको प्रयोगबाट डिजिटल प्लेटफर्ममा उपस्थिती बलियो बनाउनुपर्छ । साथै, मौलिक विषयवस्तु प्रस्तुत गर्न निरन्तर लाग्नुपर्छ ।



## एनपिएल क्रिकेट

# लुम्बिनीको पहिलो जित

## आज जनकपुर र सुदूरपश्चिम तथा काठमाडौं र लुम्बिनी भिड्दै

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गतको पहिलो खेलमा लुम्बिनी लायन्स चितवन राइनोजलाई पराजित गर्दै विजयी भएको छ । त्यस्तै दोस्रो खेलमा कर्णाली याक्सले पोखरा एभेन्जर्सलाई पराजित गरेको छ भने मंगलबार दुई खेल हुँदैछन् ।

मंगलबार पहिलो खेल अहिलेसम्मकै अपराजित टोली जनकपुर बोल्ट्स र बलियो मानिएको सुदूरपश्चिम रोयल्सबीच खेल हुनेछ भने दोस्रो खेल मंगलबार पहिलो जित हात पारेको लुम्बिनी लायन र काठमाडौं गुर्खाज्बीच खेल हुनेछ ।

लगातार चार खेलमा पराजय भोगेको लुम्बिनीले मंगलबार कप्तान रोहितकुमार पौडेलको 'अलराउण्ड' प्रदर्शनमा चितवन राइनोजलाई ३३ रनले पराजित गर्दै पहिलो जित हात पारेको छ ।

लुम्बिनीले दिएको एक सय ६८ रनको लक्ष्य पछ्याएको चितवनले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ३४ रन मात्र जोड्न सक्यो । चितवनका लागि ल्युक बेनकेनस्टनले सर्वाधिक ३१ रन बनाए । त्यस्तै, कप्तान कुशल मल्लले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा २० रन जोडे ।

त्यस्तै, रवि बोपाराले १६ बलमा १२ रन बनाए । लुम्बिनीका लागि कप्तान पौडेलले चार विकेट लिए भने रामोन सिमोण्डसले दुई तथा साद विन जाफर र अभिषेस गौतमले समान एक-एक विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ६७ रनको योगफल बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहितले सर्वाधिक ८० रन जोडेका थिए । उनले ६८ बलमा छ चौका र पाँच छक्का प्रहार गरेका थिए । यसैगरी, साद बिन जफरले ३५ बलमा चार चौका र एक छक्काको मद्दतले अविजित ५२ रन बनाए । त्यस्तै, अर्जुन साउदले १५ र टोम मुर्सले १० रन बनाए ।

चितवनका लागि रिजन ढकालले तीन तथा कप्तान कुशल मल्ल र रञ्जित कुमारले समान एक विकेट लिए ।

त्यस्तै मंगलबारको दोस्रो खेलमा कर्णाली याक्सले पोखरा एभेन्जर्सलाई ७ विकेटले हराएको छ । पोखराले दिएको एक सय चार रनको लक्ष्य पछ्याएको कर्णालीले १५ ओभरमा तीन विकेट गुमाएर पूरा गर्‍यो ।

कर्णालीका लागि गुल्सन झाले अविजित ४९ रन बनाए । यस्तै, चाडविक वाल्टन ४२, बाबर हायातले ७ र विलियम बोसिस्टोले २ रनको योगदान दिए । कर्णालीले अतिरिक्त ६ रन प्राप्त गर्यो ।

पोखराका लागि विपिन खत्री, सागर ढकाल र कुशल भुर्तेलले समान १/१ विकेट लिए । कर्णालीको यो तेस्रो जित हो । जारी एनपिएलमा ५ खेल खेलेको कर्णाली यसअघि दुई खेलमा पराजित भइसकेको छ । त्यसअघि, टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको पोखराले १६ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर एक सय तीन रन बनाएको थियो ।

पोखराको लागि दिनेश खरेलले सर्वाधिक २६ रन बनाए । उनले १९ बलमा एक छक्का र चार चौका समेत प्रहार गर्दै २६ रन बनाएका हुन् । एन्ड्रिज गौसले २५, रेमन रेफरले २०, कप्तान कुशल भुर्तेल र विपिन खत्रीले समान १०/१० रन बनाए ।

यस्तै, दिलीप नाथले ३, माइकल लिस्कले २, नारायण जोशी र आकाश चन्दले समान एक/एक रनको योगदान दिए । पोखराले अतिरिक्त ५ रन प्राप्त गर्यो ।

कर्णालीको लागि विलियम बोसिस्टोले सर्वाधिक ६ विकेट लिए । यस्तै, कप्तान सोमपाल कामी, विपिन शर्मा र युनिश ठकुरीले समान एक/एक विकेट हात पारेका थिए । पोखराको यो तेस्रो हार हो । जारी एनपिएलमा ४ खेल खेलेको पोखराले एक खेल मात्रै जितेको छ ।

## सूर्य नेपाल काठमाडौं ओपन

# पहिलो दिन जयराम शीर्षस्थानमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपनको पहिलो दिन जयराम श्रेष्ठ ४-अन्डर ६४ सहित शीर्षस्थानमा रहन सफल भएका छन् । उनले विष्णुप्रसाद शर्मा र निरज तामाङलाई एक स्ट्रोकले पछि पारे ।

रोयल नेपाल गल्फ क्लबमा मंगलबारदेखि सुरू भएको प्रतियोगितामा विष्णु प्रसाद शर्मा र निरज तामाङले ३-अन्डर ६५ सहित पहिलोदिनको खेल संयुक्त रूपमा दोस्रो स्थानमा पुरा गरे । नेपाल नम्बर एकएमेच्योर गल्फर सद्भाव आचार्य २-अन्डर ६६ सहित चौथो स्थानमा रहे । इभन-पार ६८ को स्कोरमा भेट्रान प्रो दीपक मगर र प्रदीप कुमारलामाले पाँचौं स्थान बाँडे । रमेश अधिकारी र दिनेश प्रजापतिले १-ओभर ६९ को स्कोर निकाले । उनीहरू सातौं स्थान रहेका छन् ।

यसैगरी २-ओभर ७० को स्कोरमा ६ गल्फर रामे मगर, कृष्णमान राजबाहक, रवि खड्का, वसन्त राज गुरूङ तथा एमेच्योरद्वय ज्ञानबहादुर ढेङ्गा र राहुल विके पहिलो दिन संयुक्तरूपमा नवौं स्थानमा रहे ।




रोयल नेपाल गल्फ क्लबका प्रो जयरामले बोगी रहित स्कोर कार्ड निकाल्ने क्रममा फ्रन्ट नाइन र ब्याक नाइन दुवै २-अन्डर ३२ मासकाए । उनले चौथो, आठौं, दशौं र बाह्रौं होलमा बर्डी प्रहार गरे ।

विष्णुले पहिलो र सातौं होलमा एक-एक सट बचाउँदै फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यसपछि ११औं होलको बोगी विरूद्ध १२औं र१३औं होलको दुई बर्डीले ब्याक नाइन १-अन्डर ३३ मा पुरा गरे ।

डिफेन्डिङ च्याम्पियन निरजले दोस्रो होलमा बोगी प्रहार गरेपनि चौथोर पाँचौं होलको बर्डीले फ्रन्ट नाइन १-अन्डर ३३ खेले । यसपछि १०औंर ११औं होलमा लगातार दुई बर्डी प्रहार गरेका उनले ब्याक नाइनमा२-अन्डर ३२ को स्कोर दर्ज गरे ।

एमेच्योर सद्भावले सुरूवात राम्रो गर्न सकेनन । पहिलो र चौथो होलमाबर्डी प्रहार गरेपनि तेस्रो, पाँचौं, छैटौं र नबौं होलमा एक-एक सट खेर फाले । फ्रन्ट नाइन २-ओभर ३६ मा पुरा गरे । तर ब्याक नाइनमा उत्कृष्ट कमब्याक गरे । १०औं, ११औं, १३औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे । योसँगै उनले ब्याक नाइनमा ४-अन्डर ३० को उत्कृष्ट प्रदर्शन गरे । यो स्कोरमा उनी एमेच्योरतर्फ शीर्षस्थानमा छन् । उनले ज्ञान बहादुर ढेङ्गा र राहुल विकेलाई ४ स्ट्रोकले पछि पारे ।

७२ होलको चार दिने प्रतियोगितामा ३३ प्रोफेसनल र १२ एमेच्योर गरी४५ खेलाडीको सहभागीता रहेको छ । कुल ७ लाख ३५ हजार नगद पुरस्कार राशीको लागि प्रतिस्पर्धा गर्नेछन । विजेताले उपाधिसँगै १लाख ५० हजार प्राप्त गर्नेछ । दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमशः ८५ हजार र ६८ हजार नगद पुरस्कार हात पार्नेछन् । साथै कट बनाउने २१ प्रो गल्फरले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् । ३६ होलको समाप्तीमा कट लागु हुनेछ ।

# नवीकरणीय ऊर्जाको सबैभन्दा ठूलो स्रोत बन्ने लक्ष्यमा जापान

**टोकियो–** जापान सरकारले सन् २०४० सम्ममा सौर्य र वायुजस्ता नवीकरणीय ऊर्जा स्रोतहरूलाई देशको सबैभन्दा ठूलो ऊर्जा स्रोत बनाउने लक्ष्य लिएको छ ।

योजनाले सन् २०४० सम्ममा कूल विद्युत उत्पादनको ४० प्रतिशतदेखि ५० प्रतिशतसम्म नवीकरणीय ऊर्जाको योगदान दिने प्रस्ताव गरेको थियो, जसले थर्मल पावरलाई उछिनेर ३० प्रतिशतदेखि ४० प्रतिशतसम्म योगदान पुऱ्याउँछ । हाल, जापानको ऊर्जा नीतिले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जाको ३६ प्रतिशतदेखि ३८ प्रतिशत हिस्सा लिने लक्ष्य राखेको छ ।

नवीकरणीय ऊर्जाले मौसम निर्भरता र उच्च लागत जस्ता चुनौतीहरूको सामना गरिरहेको बेला जापान सरकारले यसको विस्तारलाई अगाडि बढाउन प्राविधिक आविष्कारको परिकल्पना गर्छ । यसैबीच, आणविक ऊर्जाले विद्यमान लक्ष्य ढाँचामा आफ्नो २० प्रतिशत हिस्सा कायम राख्ने छ । यसले नवीकरणीय ऊर्जासँगै 'डेकार्बोनाइजेसन' प्रयासहरूमा प्रमुख घटकको रूपमा सेवा गर्ने छ । डेकार्बोनाइजेसन भनेको वायुमण्डलमा कार्बन डाइअक्साइड हटाउन वा घटाउन प्रयोग गरिने शब्द हो । कम कार्बन ऊर्जा स्रोतहरूको प्रयोगमा स्वीच गरेर डेकार्बोनाइजेसन हासिल गरिन्छ । यी लक्ष्यहरूसहितको योजनाको मस्यौदा अर्को हप्ता जारी हुने अपेक्षा गरिएको छ । *रासस/सिन्ह्वा*

# कतार सिरियाली इस्लामिक समूह एचटिएससँग सम्पर्कमा

**दोहा–** कतारी अधिकारीहरू सिरियाली राष्ट्रपति बशर अल-असदको निष्कासनको नेतृत्व गर्ने इस्लामिक समूह हयात ताहरिर अल-शाम (एचटिएस) र सिरियाका अन्य समूहहरूसँग सम्पर्कमा रहेको एक अधिकारीले घटनाक्रमको बारेमा जानकारी दिएका छन् ।

'कतारीहरूले एचटिएससँग सञ्चारको पहिलो च्यानल स्थापना गरेका छन् । एचटिएस र कतारी कूटनीतिज्ञहरूसँगको सञ्चार आगामी २४ घन्टामा अल बशीरसँग जारी रहने अपेक्षा गरिएको छ,' वरिष्ठ विद्रोही मोहम्मद बशीरलाई उद्धृत गर्दै नाम नछाप्ने सर्तमा अधिकारीले भने । असदको सरकारले सन् २०११ मा शान्तिपूर्ण विद्रोहलाई दमन गरेपछि कतार सशस्त्र विद्रोहको मुख्य समर्थक र पदच्यूत नेताको कडा आलोचक थियो ।

सन् २००० देखि सत्तामा रहेका असद एचटिएस र यसका सहयोगीहरूको द्रुत अभियानपछि सप्ताहन्तमा पदच्यूत भएका थिए । छलफलको संवेदनशीलताका कारण नाम नछाप्न अनुरोध गर्ने अधिकारीले भने, 'एचटिएस र अन्यसँगको सञ्चारको फोकस... शान्ति कायम गर्न र संक्रमण अवधिमा सिरियाको सार्वजनिक संस्थाहरूको संरक्षण गर्न आवश्यक छ ।'

कतारी विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले आफ्नो देशले एचटिएससँग विशेष कुरा गरिरहेको छ कि छैन भनेर भन्न अस्वीकार गर्दै यसअघि कतार 'हामी सिरियाली मोजाइकभित्र सधैं सम्पर्कमा रहेका सबै समूहहरूसँग सम्पर्कमा रहेको' बताएका थिए । प्रवक्ताले असदविरुद्धको विद्रोहको समयमा विपक्षी समूहहरूका लागि खोलिएको कतारको सिरियाली दूतावास अब 'सिरियामा नयाँ वास्तविकताको पहिलो दूतावास' भएको पनि बताए ।

'म यस समयमा भइरहेको विशेष कल वा बैठकहरूमा विशेष टिप्पणी गर्न सक्दिन तर म तपाईंलाई भन्न सक्छु कि हाम्रो ढोका खुला छ, हामी सबैसँग कुरा गरिरहेका छौं,' उनले भने । असदलाई अपदस्थ गर्नुअघि कतारले शनिबार सिरियामा रूसी, इरानी, टर्की र अरब अधिकारीहरूसँग बैठकहरू आयोजना गरेको थियो ।

'शनिबारको बैठकमा सबै पक्षहरूबीच सहमति भयो, प्राथमिकता सिरियामा स्थितिलाई नियन्त्रणमा राख्ने र इस्लामिक स्टेटजस्ता कट्टरपन्थी समूहहरूले सिरियामा पकड बनाउन नसक्ने सुनिश्चित गर्ने हो,' अधिकारीले भने । *रासस/एएफपी*

# श्रीलंका नौसेनाले पक्राउ गरेका २१ जना भारतीय मछुवा रिहा

**कोलम्बो–** श्रीलंका नौसेना द्वारा पक्राउ परेका २१ जना भारतीय मछुवाहरूलाई सफलतापूर्वक स्वदेश फिर्ता गरिएको भारतीय उच्च आयोगले जनाएको छ ।

कोलम्बोमा रहेको भारतीय उच्चायोगले सोमबार सामाजिक सञ्जाल ट्वीटरमा एक पोस्ट साझा गरेको छ, 'श्रीलंकाबाट २१ भारतीय मछुवाहरूको समूह सफलतापूर्वक स्वदेश फिर्ता गरिएको छ । तिनीहरू हाल घर फर्कने क्रममा छन् ।' यसअघि डिसेम्बर ८ मा श्रीलंकाको नौसेनाले रामनाथपुरमको तटबाट आठ भारतीय मछुवा र दुईवटा डुंगा कब्जामा लिएको थियो ।

पक्राउ पर्नेमा रामानाथपुरमका मंगाडु भत्रप्पन (५५), रेड्डीयुरानी, कन्नन (५२), चिन्ना रेड्डीयुरानी मुथुराज (५५), अगस्तियार कुतम काली (५०) र थंगाचिमाड यासिन (४६) येशू, उचिपुल्ली रामकृष्णन रहेका छन् । श्रीलंकाली नौसेनाले भारतीय मछुवाको गिरफ्तारी तमिलनाडु सरकार र भाजपा नेतृत्त्वको केन्द्र सरकार दुवैका लागि चिन्ताको विषय बनेको छ । तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले यस विषयमा विदेशमन्त्री जयशंकरलाई पटक-पटक पत्र लेखेका छन् ।

सिएम स्टालिनले माछा मार्नेहरूलाई हिरासतमा लिनु र उनीहरूको डुंगा जफतले तटीय समुदायहरूमा गम्भीर संकट र अनिश्चितता सिर्जना गरेको बताएका छन् । 'हाम्रा माछा मार्नेहरूलाई थुनामा राख्ने र तिनीहरूको डुंगा जफतले तटीय समुदायहरूमा गम्भीर पीडा र अनिश्चितता निम्त्याएको छ । मैले बारम्बार दोहोऱ्याएको छु कि कूटनीतिक तवरले यो समस्या समाधान गर्न ठोस र सक्रिय कदम चाल्नु पर्छ,' उनले थपे ।

उनको पत्रको जवाफ दिँदै जयशंकरले यस मुद्दामा सक्रिय कारबाही गर्ने आश्वासन दिए । कोलम्बोमा रहेको भारतीय उच्च आयोग र जाफनास्थित महावाणिज्य दूतावासले हिरासतमा रहेका व्यक्तिहरूको चाँडो रिहाइका लागि ती मुद्दाहरू द्रुत र निरन्तर रूपमा उठाइरहेका छन् । *रासस/एएनआई*


## नेपाल सरकार
## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## समाज कल्याण केन्द्र, बृद्धाश्रम पशुपति
## काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सुचना प्रकाशित मितिः २०८१।०८।२६)

समाज कल्याण केन्द्र, बृद्धाश्रम पशुपति काठमाडौं बाट मिति २०८१।०७।१३ मा प्रकाशित बोलपत्र आव्हान को सुचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मिति २०८१।०८।२५ गतेको मुल्यांकन समितिको सिफारिस अनुसार देहायको बोलपत्र दाताको बोलपत्र स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | काम | बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ. कर समेत) |
|---|---|---|---|
| SWCEHP/01/ NCB/G/081/82 | मिति २०८१।१०।०१ देखी २०८२ पौष मसान्त सम्म राशन आपुर्ति गर्ने | इभरग्रीन इम्पोरियम प्रा.ली., गोदावरी -१३ ललितपुर | १,९९,४३,७१३।५२ |



Government of Bagamati Province
## Ministry of Health
## Health Logistics Management Center
Hetauda, Makawanpur
Bagamati Province, Nepal

### Invitation for Bids

Date of publication: 2081/08/26 BS (2024/12/11 AD)

The Health logistics Management Center, Hetauda invites *electronic* bids from eligible bidders for the procurement of *following goods* under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of *Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info. hlmc@bagamati.gov.np* or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Identification IFB No: | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | PROCUREMENT OF AUTOMATIC BP AND BMI MACHINE HLMC/G/NCB-12/2081-82 | As Per BOQ | 55,000.00 | 3,000.00 | 2082/01/28 BS (2025-05-10 AD) |
| 2 | PROCUREMENT OF CONVEX PROBE FOR PORTABLE USG MACHINE HLMC/G/NCB-13/2081-82 | As Per BOQ | 1,10,000.00 | 3,000.00 | 2082/01/28 BS (2025-05-10 AD) |
| 3 | PROCUREMENT OF ANTI HAEMOFELIC FACTOR HLMC/G/NCB-14/2081-82 | As Per BOQ | 85,000.00 | 3,000.00 | 2082/01/28 BS (2025-05-10 AD) |
| 4 | PROCUREMENT OF ESSENTIAL AYURVEDIC MEDICINES HLMC/G/NCB-15/2081-82 | As Per BOQ | 3,72,000.00 | 3,000.00 | 2082/01/28 BS (2025-05-10 AD) |

Director



## कतारमा रोजगार
कम्पनी : Synagratic Solution International Trading and Services

पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 315183 | चलानी नं. ६०२२९५१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४८,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Draftsmen | 2 | 0 | 1300 | ४८,३५५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1700 | ६३,२३० | | | | | | | |
| 4 | Gen Clean Worker | 0 | 2 | 1000 | ३७,१९५ | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1000 | ३७,१९५ | | | | | | | |
| 6 | Painter | 3 | 0 | 1200 | ४४,६३५ | | | | | | | |
| 7 | Representative | 1 | 0 | 2500 | ९२,९८५ | | | | | | | |
| 8 | Supervisor-sala Area | 0 | 2 | 2500 | ९२,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं १५७०/०७९/८०
SHIVAM INTERNATIONAL Manpower Services Pvt. Ltd
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: www.shivamintlmanpower.com.np



## युएइमा रोजगार
कम्पनी : AL SNDOQ AL AKHDAR PLASTER TILES & CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 310383 | चलानी नं. ६०२१०४१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 1 | 0 | 1100 | ४०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason / Mason | 3 | 0 | 1200 | ४४,३५५ | | | | | | | |
| 3 | Construcion Carpenter | 5 | 0 | 1200 | ४४,३५५ | | | | | | | |
| 4 | Stone / Brick Assistant | 1 | 0 | 1100 | ४०,६५५ | | | | | | | |
| 5 | Stone Mason | 4 | 0 | 1200 | ४४,३५५ | | | | | | | |
| 6 | Supervisor Construction | 4 | 0 | 1400 | ५१,७४५ | | | | | | | |
| 7 | Tile Polisher | 1 | 0 | 1200 | ४४,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## साउदीमा रोजगार
कम्पनी : LATIFA CLINIC AL-ANZI TRADING COMMERCIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | LT. No. 315086 | चलानी नं.६०२२८९४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADER & UNLOADER LABOR | 1 | 0 | 1000 | ३६,१४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590

## कतारमा रोजगार
कम्पनी : KY AN BAWR CAFE

पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | LT. No. 315174 | चलानी नं. ६०२२९४८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | 1000 | ३७,१९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 5 | 1400 | ५२,०७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Paramount Employment Consultant Pvt. Ltd.
Balkumari, Lalitpur, Tel: 01-5186269, 5186052
Email: admin@paramount-consultant.com, Web: paramountconsultant.com
श्रम इजाजत नं. ४१७/०६०/६१

## युएइमा रोजगार
कम्पनी : GREEN SCAPES

पूर्व स्वीकृति मिति : २०८०/१०/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 299776 | चलानी नं. ६०२१४७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 100 | 0 | 850 | ३१,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

## कतारमा रोजगार
कम्पनी : GREEN CITY CONTRACTING & SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०६/१४ | पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | LT. No. 311526 | चलानी नं. ६०२२९३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५२,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 0 | 6 | 1000 | ३७,१९४ | | | | | | | |
| 3 | Gen Clean Workers | 0 | 2 | 1000 | ३७,१९४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ३ गते (18th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५२२०० | प्रति तोला – ० | प्रति तोला – १९२५ |



**कालीकोटमा हिमपात** | कालीकोटको तिलागुफा नगरपालिका-४ राँचुलीको खेतीयोग्य जमिनमा परेको हिमपात । हिमपातले खेतीपाती राम्रो हुने किसानहरू बताउँछन् ।
*तस्बिरः मिमबहादुर रावल/रासस*

## आर्थिक कूटनीतिलाई प्राथमिकता दिन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघले विभिन्न ११ देशका लागि प्रस्तावित राजदूतहरूसँग आर्थिक कूटनीतिमा केन्द्रित रहेर छलफल गरेको छ । राजधानीमा आयोजित एक छलफल कार्यक्रममा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले कूटनीतिका माध्यमबाट आर्थिक सम्बन्ध विस्तारलाई पहिलो प्राथमिकतामा राख्न प्रस्तावित नेपाली राजदूतहरूलाई आग्रह गरे ।

नेपालमा लगानीकर्ताहरूलाई पूँजी परिचालनमा अभिप्रेरित गर्न, निर्यात प्रवर्द्धन गर्न देश केन्द्रित बेग्लै आर्थिक रणनीति बनाउनुपर्ने, विदेशी लगानीकर्ताका लागि सबै नेपाली राजदूतावासमा सम्पर्क व्यक्ति तोकिनुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिए ।

नेपालको 'कन्ट्री रेटिङ' भइसकेको सन्दर्भमा लगानी भित्र्याउन त्यो सहयोगी बन्ने विश्वास व्यक्त गर्दै उहाँले सन् २०२६ मा मुलुक मध्यमआययुक्त विकासशील देशमा स्तरोन्नति हुने भएकाले अन्तर्राष्ट्रिय क्षेत्रबाट देशले पाउँदै आएको सुविधा नघट्ने वातावरण बनाउन उनले प्रस्तावित राजदूतहरूसँग आग्रह गरे ।

परराष्ट्र मन्त्रालयका कामयमुकायम सचिव अमृत बहादुर राईले देशको प्रतिनिधिको रूपमा राजदूतहरूले नेपाली वस्तुहरूको प्रवर्द्धन, नेपाली व्यवसायीहरूलाई सहजीकरण गर्ने बताए । उनले नेपाली व्यवसायिक क्षेत्रलाई सम्बन्धित मुलुकका लगानीकर्तासँग सम्पर्क स्थापना गर्न, नेपाली वस्तु तथा सेवा निर्यातमा सघाउन आग्रह गरे ।

उच्च व्यापार घाटा कम गर्न, नेपाली उत्पादनको प्रवर्द्धन, पर्यटन, सूचना प्रविधि, उद्योग, जलविद्युत् पूर्वाधार विकासमा लगानी केन्द्रित गर्न आफूहरू लाग्ने प्रस्तावित राजदूतहरूले व्यक्त गरे ।

छलफलमा प्रस्तावित राजदूतहरू डा. शङ्कर शर्मा, सेवा लम्साल, चित्रलेखा यादव, चन्द्रकुमार घिमिरे, डा. सुम्निमा तुलाधर, डा. जङ्गबहादुर चौहान, प्राध्यापक कपिलमान श्रेष्ठ, प्रकाशमणी पौडेल, डा. शिवमाया तुम्बाहाम्फे, डा. पूर्णबहादुर नेपाली र डा. नेत्रप्रसाद तिम्सिना सहभागी थिए ।

## तनहुँ जलविद्युत्को अनुगमन

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको सोमबार अनुगमन गरेका छन् ।

ऋषिङ गाउँपालिकामा निर्माणाधीन आयोजनाको निर्देशक घिसिङले स्थलगत अनुगमन गरी कामको प्रगति र समस्याका बारेमा जानकारी लिएका हुन् । अनुगमनका क्रममा उनले आयोजनाको कामलाई निर्धारित समयमा सक्नेगरी तीव्रता दिन आग्रह गरे ।

कार्यकारी निर्देशक घिसिङलाई तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले भौतिक तथा आर्थिक प्रगतिबारे जानकारी गराएका थिए ।



चरण एकअन्तर्गत बाँधसहित संरचना निर्माण भइरहेको छ । यस प्याकेजको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यस अवधिसम्ममा समग्र निर्माण प्रगति ३५ दशमलव सात प्रतिशत रहेको आयोजना कार्यालयले जनाएको छ ।

मुख्य बाँध निर्माणअन्तर्गत एक सय ४० मिटर अग्लो बाँध बनाउन पूर्वतयारी सुरु गरिएको छ । बाँधको जग निर्माणस्थलमा जम्मा भएको पानी फाल्ने र टावर क्रेन जडान गर्ने कार्य सम्पन्न भएको छ । बाँध निर्माणस्थलको तल्लो तटीय क्षेत्र सफा गर्न, ड्रिलिङ, ग्राउटिङलगायत कार्य जारी छन् ।

आयोजनाको चरण दुईअन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणमा सिनो हाइड्रोले काम गरिरहेको छ । यो चरणमा ६३ दशमलव पाँच प्रतिशत प्रगति भएको छ ।

चरण तीनको प्रसारण लाइनअन्तर्गत दमौली भरतपुर दुई सय २० केभी ३४.७ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये ७८ टावरको जग हाल्ने र ६९ वटा टावर जडान कार्य सम्पन्न भएका छन् । यो चरणमा ७३ दशमलव छ प्रतिशत भौतिक प्रगति भएको छ ।

## नवीकरणीय ऊर्जामा विनाधितो लगानी गर्दै सहकारी

**कञ्चनपुर (प्रस)–** परम्परागत ऊर्जालाई प्रतिस्थापन गर्ने उद्देश्यले शुक्लाफाँटा नगरपालिका-१० झलारीमा सिर्जनशील बचत तथा ऋण सहकारी संस्थाले नवीकरणीय ऊर्जामा लगानी गर्न थालेको छ । नवकरणीय ऊर्जा उपयोग गर्ने उपभोक्तालाई सहकारीले सहुलियत दरमा कर्जा उपलब्ध गराउन थालेको हो । ई-रिक्सा, बायोग्यास, सौर्य ऊर्जा प्रणालीमा आधारित सिँचाइ, सौर्य बत्ती, विद्युतीय चुलोमा ऋण प्रदान गर्ने व्यवस्था मिलाइएको सहकारीका कार्यकारी प्रमुख मदनराज भट्टले बताए । उनका अनुसार हालसम्म एक सय ५० जनालाई विनाधितो ऋण प्रदान गरिएको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी रु एक लाखसम्म नवीकरणीय ऊर्जामा कर्जा प्रदान गर्ने व्यवस्था मिलाइएको कार्यकारी प्रमुख भट्टले जानकारी दिए । 'गत वर्षदेखि नवीकरणीय ऊर्जा कार्यक्रमलाई निरन्तरता दिएका छौँ', उनले भने, 'वातावरण प्रदूषण न्यूनीकरणमा यस कार्यले सहयोग पुऱ्याउँछ, वन माथिको निर्भरतामा कमी आउँछ ।' सहकारीबाट ई-रिक्सा खरिदका लागि सहुलियत दरको ऋण लिनेको सङ्ख्या बढी रहेको उनले जानकारी दिए ।

नवीकरणीय ऊर्जासपछि सौर्य ऊर्जामा आधारित सिँचाइका लागि ऋण लिने बढी रहेका प्रमुख भट्टले बताए । नवीकरणीय ऊर्जाको उपयोगले पुऱ्याउने लाभबारे सहकारीका सदस्यहरूलाई छलफल तथा विविध कार्यक्रमका माध्यमबाट जानकारी दिने कार्य सहकारी गरिरहेको उनको भनाइ छ । योसँगै विभिन्न दातृ निकायसँग सहकार्य गरी जैविक विधिको प्रयोगगरी व्यावसायिक कृषिलाई अगाडि बढाउनका लागि अनुदान र ऋणका कार्यक्रम अगाडि बढाइएको छ । सदस्यहरूको माग र आवश्यकताका आधारमा सहकारीले सीपमूलक, उद्यमशीलतामूलक तालिम प्रदान गरी उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्दै आएको छ ।

## गहुँखेतीका लागि डिएपी मल अभाव

■ प्रभाव संवाददाता



**जनकपुरधाम–** धनुषा र महोत्तरी जिल्लामा गहुँखेतीका लागि डीएपी मल अभाव भएको छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड जनकपुरधामको कार्यालयमा मौज्दात डीएपी मल खपत भइसकेको छ । दुवै कार्यालयबाट पहिलो चरणमा प्राप्त डिएपी मल बिक्री भइसकेको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरका निमित्त प्रमुख वेचनकुमार साहले जानकारी दिए । पहिलो चरणमा धनुषामा सात सय ५४ मेट्रिकटन तथा महोत्तरीमा सात सय १६ मेट्रिकटन डिएपी मल बिक्री भइसकेको छ । कृषि ज्ञान केन्द्र र स्थानीय तहको सिफारिसमा उक्त मल सहकारी संस्थाहरू मार्फत किसानलाई बिक्री गरिसकेको निमित्त प्रमुख साहले बताए ।

हाल यी दुई जिल्लामा गहुँखेतीका लागि थप पाँच हजार मेट्रिकटन डिएपी मल आवश्यक रहेको जनाइएको छ । थप डीएपी मल माग गरिएपनि प्राप्त नभएको प्रमुख साहले बताए । अन्तर्राष्ट्रियस्तरमा डलरको मूल्य बढेकाले ठेकेदार कम्पनीले ढुवानी गर्न नसक्दा मल अभाव भएको उनको भनाई छ ।

साल्ट ट्रेडिङ कर्पोरेशन जनकपुरमा पनि डिएपी मल मौज्दात नरहेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिए । उनले भने, 'हामीसँग युरिया मल मौज्दात छ, तर डिएपी छैन ।' ती दुवै जिल्लाका किसानलाई कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङ कर्पोरेशनले ३० प्रतिशत मल बिक्री वितरण गर्दै आएको छ ।

धनुषामा ३३ हजार पाँचसय हेक्टर जमिनमा गहुँखेती हुँदै आएको छ । उक्त क्षेत्रफलमा भएको खेतीबाट एक लाख पाँच सय मेट्रिकटन गहुँ उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र धनुषाका सूचना अधिकारी प्रदीप यादवले बताए ।

## तोरीले पहेँलपुर नवलपरासीका फाँट

**नवलपुर–** यतिबेला नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का अधिकांश फाँट तोरी फुलेर पहेँलपुर भएका छन् । अधिकांश स्थानमा बारी, खाली जमिनदेखि ठूला फाँटमा लगाइएको तोरी फुलेर पहेँलै देखिन्छन् ।

जिल्लामा तोरी लगाउने क्षेत्रफलसँगै उत्पादन बढेका कारण नवलपुरले तोरीमा आफ्नो 'साख' पुनः फर्काउँदै गएको छ । गैँडाकोट-४ का रामप्रसाद खनियाले यसपालि गैँडाकोटका प्लटिङदेखि ठूला फाँटमा समेत तोरीखेती गरिएको बताए । 'अहिले सबैतिर तोरी फूलेको दृश्य देख्न सकिन्छ । विगतमा गहुँ लगाउने खेतमा समेत यसवर्ष तोरी देखिन्छ', उनले भने । खनियाले आफूले पनि यसवर्ष करिब २० कट्ठा क्षेत्रफलमा तोरीखेती गरेको बताए ।

कावासोती-१७ का नन्दराम गुरौँले तोरीको माग र तेलको मूल्य बढ्न थालेपछि यसतर्फ आकर्षण बढेको बताए । 'तोरी लगायो भने घरबाटै बिक्री हुन्छ, आम्दानी पनि राम्रो छ', उनले भने, 'अरु



बाली लगाउँदा सिँचाइ, मल तथा विषादी धेरै हाल्नुपर्छ तर तोरीमा थोरै मेहनत गर्दासमेत राम्रो उत्पादन हुन्छ ।' उनले एक बिघामा तोरी लगाएका छन् ।

कृषि ज्ञान केन्द्र नवलपुरकाअनुसार पछिल्लो तीन वर्षको तथ्यांक हेर्दा जिल्लामा तोरीखेती गरिने क्षेत्रफलमा उतारचढाव आएको भए पनि उत्पादकत्व भने लगातार बढेको देखिन्छ । कार्यालयका कृषिप्रसार अधिकृत एवम् सूचना अधिकारी विश्वास काफ्लेले जिल्लामा आर्थिक वर्ष २०७९/८० मा एक हजार एक सय ८५ हेक्टर र आव २०८०/८१ मा एक हजार एक सय ७८ हेक्टर क्षेत्रफलमा तोरीखेती भएको बताए । यस्तै, चालु आव २०८१/८२ मा एक हजार एक सय ८७ हेक्टर क्षेत्रफलमा तोरीखेती गरिएको केन्द्रले जनाएको छ ।

आव २०७९/८० मा जिल्लामा एक हजार दुई सय ८५ मेट्रिक टन तोरीको उत्पादन हुँदा उत्पादकत्व प्रतिहेक्टर एक दशमलव ०८ मेट्रिक टन रहेको सूचना अधिकारी काफ्लेले जानकारी दिए । आव २०८०/८१ मा एक हजार दुई सय ८३ मेट्रिक टन तोरी र उत्पादकत्व प्रतिहेक्टर एक दशमलव ०९ मेट्रिक टन पुगेको छ । अघिल्ला वर्षमा भन्दा यसवर्ष तोरीको क्षेत्रफलसमेत वृद्धि भएकाले उत्पादकत्वसमेत बढ्ने अनुमान गरिएको काफ्लेको भनाइ छ ।

उनले भने, 'किसान बालीप्रति सचेत हुँदै समयमै बीउ छर्ने, मल हाल्ने तथा सिँचाइ गर्ने गरेका कारण निरन्तर उत्पादकत्व बढ्दै गएको छ ।' जिल्लाको बुलिङटार गाउँपालिका र बौदीकाली गाउँपालिकाबाहेक छवटै पालिकामा तोरी उत्पादन हुँदै आएको सूचना अधिकारी काफ्लेले बताए । सबैभन्दा बढी कावासोती र गैँडाकोटमा तोरीको उत्पादन भने उनले बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ